

बेलायतबाट सुजन भन्तेको पत्र सयाममा शीला दिदीलाई

एक अंश :

# दशैं, दिपावली र मृत्यु

लेखक **भिक्षु सुजन**

© यो दुईवटा पत्रहरुको एक अंश हो । यी पत्रहरुमा भएका महत्वपूर्ण विषयहरु अरु पाठकहरुलाई पनि सहयोग हुने देखेर शीला दिदीको ईच्छा र अनुमति अनुसार काटकुट र थप गरी प्रस्तुत गरिएको छ ।

Downloaded from http://www.dhamma.digital

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

राग द्वेष र मोहलाई नाश गरी अर्हत हुनुभएका उहाँ अर्हत सम्येकसम्बुद्धलाई मेरो नमस्कार ।

★★★★★★★★

आदरणीय शीला दिदी

सादर सम्झना,

खोई यो पत्रलाई कसरी शुरु गरौं । पत्र लेखौं लेखौं भन्दैमा महिनौ वितेको चाल नै पाउन सकिन । वितेका महिनादेखि नै विभिन्न कुराहरुलाई लेखेर ल्याउने विचार थियो, मनमा विभिन्न कुरा छचल्किरहेका थिए तर के गर्ने आफ्नो त कर्म नै उस्तो परेछ । लेख्ने समय नै मिलाउन सकेको थिएन् । ती छचल्किरहेका मनका तरङ्गहरु सुनामीको छालले बगाएर लगेको झै हुन लागी सकेको थियो । आज बल्ल कम्मर कसेर आफ्नो गर्नुपर्ने धार्मिक कार्यहरुलाई सक्याएर यो पत्र लेख्ने जमर्को गर्दैछु । हुनतः पत्र लेख्ने नै समय नभएको कारण मेरो कर्म नै उस्तो नभई बुद्धि पो उस्तो भएको हो कि भन्ने विचार पनि आउँछ । भोलि लेख्ने भन्दैमा भोलि भोलि भन्दैमा सेकेन्डले मिनेटलाई र मिनेटले घण्टालाई र घण्टाले दिनलाई खादैं गरेको नै चाल पाएन् । भोलि लेखौंला भन्दैमा दिनले त हप्तालाई र हप्ताले महिनालाई खाएको पत्तो नै लागेन । खोई के हुने हो यो ज्यानलाई यसरी नै समयलाई ख्याल गरेन भने... सायद मृत्युको सुन्दर द्वारमा पुग्न लागेको चाल नै पाउन सक्दैन् । त्यसैले होला विज्ञजनहरुले सधैं बदलिरहेको यो संसारलाई होस् गर, चिन्ने प्रयास गर भनेर सिकाउने गर्दा रहेछन् ।

ल अब त पत्रमा प्रवेश गर्नुपर्ला, यो त खाली अर्काको कुरालाई लिएर गफादीहरुले कुरा गर्ने जस्तै हो । जति कुरा गरेपनि सकिदैंन । काम गर्नु पर्यो भने मेरो त यो काम छ त्यो काम छ भनेर भाग्ने कुराहरु जस्तै हो । त्यसैले यी कुराहरु भनेको आफुले नै गरेर थाहा पाउनु पर्ने कुराहरु हुन् । कसैको कुरा वा कसैले भनेको भनेर विश्वास गर्न योग्य छैन र यदि उहाँहरुले सिकाउनु भएका मार्गमा नलागेसम्म यी कामको पनि छैन् । त्यसैले यी कुराहरुलाई यही नै छोडेर पत्रमा प्रवेश गर्नै लागे है ।

## दशैं र यसको संस्कृति

आजभोलि त दशैं पनि लागेको छ । त्यसैले सर्वप्रथम यो विजया दशमीको सुखद् उपलक्ष्यमा तपाईंको सुख, समृद्धि र उज्ज्वल भविष्यका साथै कुशल चित्तले चिताएका तपाईका कार्यहरुमा कुनै पनि



Downloaded from http://www.dhamma.digital

बाधा विध्नहरु नआवस् र पानीको धार जसरी खललल बगेर जानेहो त्यसरी नै सबै कार्यहरु राम्ररी नै चलोस र सफलता पावस् । म पनि यहाँ सन्चै छु र धर्मको प्रचारको कार्यमा सफलता नै पाउदै गरेको छु भन्नु पर्ला ।

अब यहाँ दशैंको कुरा आएको भएर यसको विषयमा केही कुराहरुलाई म यहाँ प्रष्ट्याउने प्रयास गर्दैछु । दशैं भनेको के हो ? यसको विषयमा विभिन्न कथा र कहानीहरु भएका देखिन्छन् । भारतमा यो दिनलाई दशहरा भनेर चिनिन्छ । यो दिनमा रामायणको रामसंग सम्वन्धित गरेको देखिन्छ । रामले रावणमाथी पाएको विजयलाई नै विजया दशमी भनेर मनाउने विश्वास रहेकोछ । हाम्रो नेपालमा यो दशैंलाई रामको कहानी संगमात्र सम्बन्धित नगरी महालक्ष्मी वा भवानी वा दुर्गामाताको विजयलाई पनि लिएको देखिन्छ । देवी भवानीले महिषासुरको हत्या गरेर उसको उद्धार गर्यो, यो लोकमा महिषासुरको उपद्रव शान्त भयो, उसको हत्या हत्या नभई धर्म हो । हामीले सक्छौ भने महिषासुर रुपी भैंसीको बलि दिने गर्नु पर्दछ भनेर नेवारहरुको धारण छ किनकी उहाँ भवानी देवीको महिमा धेरै छन् ।

'या देवी सर्व भूतेषु शक्ति .... आत्मा, शान्ति ...... इत्यादि रुपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ।'

त्यसैले उहाँको अगाडी बलि दिएर उहाँलाई खुसी राख्नु पर्दछ । त्यसैले अर्काको घरमा खसि ल्याईसक्यो हाम्रो घरमा कहिले आउँछ ? उहाँ जस्तो महिमाले युक्त देवताको आराधना गर्नु पर्दैन र ? भन्ने कुराहरु अवश्य नै उत्पन्न भएको हुन्छ । त्यति मात्र नभई यो दिन आफ्नो कुलदेवतालाई खुसी गर्नको लागी बलि दिने दिनको रुपमा पनि बुझिन्छ । त्यसैले यो दिनलाई मासु खाने दिनको रुपमा पनि लिन सकिन्छ । यो दिनमा देवताको नाममा जनावरहरुको बलि दिएर प्रशादको रुपमा त्यो जनावरको मासु राख्ने र खाने गरिन्छ । यो दिनमा देवताको नाममा जीव हत्या गर्ने गरिन्छ र त्यो पाप नभएको विश्वास गरिन्छ । साथै जनावरहरुलाई यो दिनमा मारीदिने हो भने ती जनावरहरु फेरी जनावर नै भएर जन्म लिनु नपर्ने कुरामा पनि विश्वास गरिन्छ । त्यति मात्र नभई यसरी देवताको नाममा बलि दिदाँ देवताहरु खुसी हुने र हाम्रा आकांक्षाहरु पुरा हुने विश्वास राखेका छन् । नेपालमा यो दिनमा विभिन्न औजारहरु देखि लिएर मोटर गाडीहरु र मेशिनहरुको अगाडी पनि बलि दिने गरिन्छ । यसरी बलि दिएमा यी औजारहरुले फेरी रगत नलिने र काम गर्दा हामीलाई केही पनि नहुने विश्वास गरेको देखिन्छ । आफ्नो भलाईको लागी अर्काको ज्यान पनि लिन सक्ने कस्तो निष्ठूरी मन हो हामीहरुको विषेशरुपमा हिन्दू धर्म मान्नेहरुको त्यो मन ? आफुलाई केही घाउलागेमा पनि ऐया भनेर कराउने गर्दछन् तर अर्कालाई भने उनीहरुको शीर नै काट्न तत्पर भएका छन् । आफ्नो ज्यानको माया जसरी हामीलाई माया लाग्दछ, हाम्रा सन्तानको जसरी



Downloaded from http://www.dhamma.digital

हामीलाई माया लाग्दछ उनीहरुलाई पनि त त्यस्तै माया छ, प्यार छ किन ती जनावरहरुको बलि दिनु भन्दा पहिले आफ्ना बाल बच्चाहरुलाई नसम्झेका होलान् । किन उनीहरुलाई काटनु भन्दा पहिले आफुसंग दाजेर हेर्न नसकेको होला ? जसरी हामीहरुको मरण भएमा हाम्रा बच्चाहरु तुहुरा हुने हो त्यसरी नै उनीहरुको बलि दिंदा पनि उनीहरुका सन्तान पनि तुहुरा नै हुनेछन भनेर किन नसोचेका होलान । जति कराए पनि जति भनेपनि यो कुरामा विचार गर्नेहरु कोही पनि हुँदैनन् । आफ्नो प्रथा र चलन भनेर यो दिनमा लाखौं अनजान जनावरहरुले विना दोष नै ज्यान गुमाउनु परेका छन् ।

हिन्दुधर्ममा बलि दिने प्रथालाई धार्मिक मान्यता दिएको पाईन्छ । जीवनको अन्तिम लक्ष्य भनेको नै मोक्ष हो । मोक्ष प्रति लालायित मानिसहरु अनेक प्रकारका तान्त्रिक साधनाहरु गर्नमा लागेका हुन्छन् । तान्त्रिक योगानुसार साधनामा आउने बाधाहरुमा काम, क्रोध, लोभ, मोह, मदु र मत्स्य गरेर छ प्रकारमा विभाजित गरेको देखिन्छ । यी बाधाहरुबाट नछुट्टिए सम्म कुनै काम पूर्ण नहुने भनिएको छ । त्यसैले तन्त्रको कर्पूरादी स्तोत्रमा यी बाधाहरुबाट छुटकारा पाउनको लागी छ प्रकारका बलिको वयान गरेको देखिन्छ ।

*सलो मास्थि स्वैरं पलल मपि मार्जर मासिते । परंचोष्तु मैष नर महिषश्छागयो मपिवा ॥*

*बलिते पुजाया मयि वितरतां मर्त्य वसतां, सतां सिद्धिः सर्वा प्रतिपदमपूर्ण प्रभवति ॥*

अर्थात् हे कालिके ! हजुरको चरणमा बिरालो, ऊँट, भेडा, मनुष, भैसी र खसिको बलि दिएर रौं, हाड र राम्रो मासु सहित तपाईंलाई चढाउँदैछु । यसरी उहाँको पूजा गर्ने गरिन्छ । यी त भए हाम्रा आफन्तहरुले गर्ने गरेका धर्मको नाममा गर्ने उपद्रवहरु तर यहाँ हाम्रा आफन्तहरुले भोग्नु पर्ने दशाहरुको विषयमा पनि छोटो विचार गरौं ।

दशैं नजिक आएको समयमा नेपालमा गाउने एक गीत छ जस्लाई मैले पहिला सुन्ने गर्दथें : **आयो दसैं ढोल बजाइ, गयो दसैं ऋण बोकाइ** । यो गीत सायद तपाईहरुलाई लागू त नहोला किनकी तपाईहरुको व्यापार राम्रो छ र साथै थाईलैण्ड जस्तो देशमा बसेर धन सम्पत्ति कमाएर बस्नु भएका छन् । तर पनि सायद यो गीत लागू पनि हुन सक्दछ । यो गीतले के देखाउँछ भने गरिब नेपाली जनताका लागि बर्षभरिको महान् चाड मानिने दसैं पनि पीडाको चाड हुन्थ्यो । खान्तेपिन्तेहरुका लागि त खुसीको ऋतु होला तर धेरैलाई त दुःखको नै ऋतु हुने गरेका छन् । जसरी यो दिनमा नेपालीमा ढोल बजाएर आयो दसैं, गयो दशैं ऋण बोकाई भन्ने गीत छ त्यसैगरी नेवारीमा पनि यस्तै एक गीत छ ।

**आसे निरे आसे निरे वयमते मोहनी** पख रे पर्ख हे अहिले, नआईदेउ है दशैं

**जिमीथाय् छेंला, छुँ हे ज्वरे मजुनी** तयारी छैन हाम्रो घरमा, अहिले सम्म छ रित्तै



Downloaded from http://www.dhamma.digital

जति यो चाडलाई भव्य र महान चाडको रुपमा देशव्यापी मनाउने गरेता पनि नेपालको समाजमा असय भएको उदाहरण यी गीतहरुले पश्तुत गरेको देखिन्छ । त्यसै गरी अर्को एउटा गीत पनि छ जस्लाई जहाँसम्म याद छ नेपालका पाठशालामा पनि पढाउने गरिन्छ :

कान्छी औंलो भन्छ- **दशैं आयो**

साइली औंलो भन्छ- **खाउंला पिउंला**

माझी औंलो भन्छ- **कहां पाउंला**,

चोरी औंलो भन्छ- **चोरेर ल्याउंला**

बूढी औंलो भन्छ- **हट्ट न पापीहरु म त छुट्टै बसुंला ।**

यो गीतको विषयमा मैले तपाईहरुलाई बितेको वर्षमा म थाईलैण्ड आएको बेलामा वाट भवनमा देशना गरेर सुनाएको थिएँ । त्यो दिनमा मैले यो गीतको भित्री भाषा के हो भनेर पनि विस्तृतरुपमा बयान गरेर सुनाएको थिए । यी औंलाहरुले के जनाउदैछन् ? यस्को के अर्थ लाग्दछ भनेर बयान गरेको थिए । यो पत्रमा पनि यस्को विषयमा छोटो जति सम्झेको छु त्यति लेख्ने जमर्को गर्दैछु ।

हामी मानिसहरुको एक यस्तो प्रकारको बानी नै छ जुन खबर दिने वा ल्याउनेलाई बढि महत्व दिएको हुन्छ । त्यसैले पहिले देखि नै गुप्तचरहरु बनाउने चलन रहेको छ । खबर लिएर आउनेको स्थान अलग्ग नै रहेको देखिन्छ । यदि कसैले आयो आयो भन्यो भने छिटो छिटो गएर हेर्ने वा लिन जानेमा हामी मानिसहरु अगाडी हुन्छौं । समाचार बताउनेलाई नै वास्ता नगरी आफू अगाडी जाने गर्दछन् । त्यसैले यो कान्छि औंलाले दसैं आएको संकेट दिदैंछ तर ऊ सानो नै भएको छ । उनीहरुलाई अगाडी आउन नै दिदैन र कुल्चेर राख्ने गर्दछ । अर्को कुरा जसले अरुलाई समाचार दिने गर्दछन् उनीहरु सधै सानो नै भएर बसेको हुन्छ । दोश्रोमा रमझम र रमाउने कुराहरुलाई पनि हामीले धेरै नै महत्व दिएको देखिन्छ । त्यसैले कुनै स्थानमा रमाउने, भोज भतेर वा जात्राहरु हुने खबर पाएमा त्यतातिर लम्कने हामी मानिसहरुको स्वभाव छन्, रमाउने गर्दछन् । त्यसैले दशैं आयो भनेर भन्ने वित्तिक्कै रमझम र भोज भतेरको विषयमा कुरा गर्नेहरुलाई पनि धेरैले मन पराएको हुन्छ । त्यसैले हाम्रो साइली औला अरु औंला भन्दा अलिक लामो भएको छ जस्ले दशैंको दिनमा रमझमको संकेट दिएका छन् । जे गरेपनि कुनै न कुनै कारण वा प्रश्नहरुका औलाहरु उठ्ने नै गर्दछन् । कुनै भोज मनाउनको लागी वा चाडपर्वहरु मनाउनको लागी सर्वप्रथम आर्थिक अवस्थाको कुरा आउने गर्दछ । रकमको विना कुनै पनि कार्यहरु हुन नै सक्दैन् । त्यसैले कसरी मनाउने र के गरेर गर्ने भन्ने प्रश्नको ठूलो स्थान भएको हुन्छ । यो प्रश्नको उत्तर विना केही पनि शिद्ध हुन सक्दैन । यसकारण कहाँ पाउँला भनेर सबैको आँखालाई तोलाई दिने माझी औंला सबैभन्दा लामो



Downloaded from http://www.dhamma.digital

भएको छ । हाम्रो जीवनको प्रमुख प्रश्न चिन्ह नै कहाँ ? के ? कहिले ? ले नै प्राथमिकता पाएको छ। यी हाम्रा इच्छा र आकांक्षालाई आधार गरेर अरु कार्यहरु गर्ने गरिन्छ । सरल बाटोहरु नभएमा जसरी भएपनि आफ्नो रमझम र कामलाई चलाउने प्रयास गरिन्छ । यदि कुशलमार्गमा लागेर कमाएर ल्याएको रकमबाट मनाएमा आफुलाई पनि रमाईलो र कसैसंग डराउनु पर्ने छैन् । यदि अकुशल मार्गलाई प्रयोग गरेर कमाएर काम चलाउने हो भने विभिन्न कुराहरुबाट डराएर बस्नुपर्ने हुन्छ । जे होस् चाहे कुशल कार्यबाट होस वा अकुशल उसको स्थान पनि अलिक माथि नै भएको हुन्छ । त्यसैले हाम्रो हातको चोरी औंला पनि मोज गरौंला भन्नेसंग मिलेको छ । साथमा यो कार्य गर्नेमा पनि अगाडी नै परेका छन् । यदि यसलाई बुझेर राम्रो गरेमा राम्रै फल पाउने छ भने नराम्रो गरेमा नराम्रो नै फलदायी हुनेछन् । तर संसारमा कुन राम्रो कुन नराम्रो भनेर छुट्याएर बस्नेहरु पनि छन् । त्यसैले नै यो संसारमा केही मात्रामा भएपनि समता पाएका छन् । यी औंलाहरु भन्दा पनि बुढी औंला सानो र ठूलो छ । यो नै हाम्रो हातको प्रमुख औला हो । यो औलालाई सबै कुराको ज्ञान भएको छ । के गर्दा के हुन्छ के गर्दा कस्तो फल पाउने छ भन्ने विषयमा राम्रो ज्ञान छ । त्यसैले नै होला विज्ञजनहरुले बुढापाकाहरुको सम्मान र सत्कार गर्न सिक र उहाँहरुको कुरामा विश्वास गर्नुभनेर भन्ने गरेका । किनकी उहाँहरुले यो संसारको हावापानीलाई धेरै नै चिनिसक्नु भएका छन् । उहाँहरुबाट नै हामीलाई राम्रो मार्गलाई देखाउने गरिन्छ । त्यसैले नै होला जब चोरी औंलाले चोरर ल्याउँला भनेर भन्ने वित्तिक्कै म त यो कार्यमा सामेल हुने छैन भनेर अलग्ग भएर बस्यो । जो राम्रो र असल छ सबैलाई उसलाई माया र ममता दिने गर्दछ । त्यसैले हाम्रो हातमा पनि अरु औंलाहरु नभएमा पनि विभिन्न कार्यहरु गर्न सक्दछौं तर यो बुढी औंला नै छैन भने हामीले गर्न चाहेको कार्यहरु गर्न सक्दैन । हातलाई मुठ्ठि पार्ने हो भने पनि यही बुढी औलाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यहि औलाले सबै औलाहरुलाई छोपेको हुन्छ । त्यसैले यो हाम्रो हातको यो पाँच औंलाहरुले पनि हामीलाई यो संसारमा के भईरहेको छ र के गर्नु पर्दछ भनेर सिकाउदैछ । यो औंलाको कुरालाई यहि नै अन्त गर्न जाँदैछु किनकी मैले त्यो दिनमा भनेको कुरा र अहिलेको मेरो सम्झनामा फरक भएको मैले महशुस गरे । तर पनि यस्तै यस्तै थियो त्यसैले यसलाई पढेर त्यो दिनमा तपाईले सुनेको देशनासंग मिलाएर पढ्नु र बुझ्नु होला ।

अब यसो दशैंको कहानीको विषयमा केही जानकारी दिने कोशिस गर्दैछु । नेपालमा दशैंको आधार दुई प्रकारका छन् । एक भवानी वा दुर्गामाताको असुरमाथि पाएको विजय र अर्को श्री रामले लंकापति रावणमाथी पाएको विजय । नेपालमा धेरै जसो दुर्गाको विजयलाई लिएको देखिन्छ र दशैंमा दुर्गाको मन्दिरमा गएर बलि चढाउने गरिन्छ । रामको कहानीलाई लिएर गरिएको धार्मिक कार्यहरु नेपालमा त्यति देखिदैन । भारतमा रावणको रुप बनाएर जलाउने गरिन्छ । त्यसैले यहाँ रामायणको विषयमा केही विचार



Downloaded from http://www.dhamma.digital

गरौं । वितेको बर्षमा मैले एउटा लेख पढेको थिएँ त्यसमा रामायणलाई कुनै इतिहास नभएको कुरालाई श्री प्राज्ञ रत्नाकर देवकोटाले भन्नु भएको थियो । त्यसैगरी रामायणलाई विद्धान बालकृष्ण पोखरेलले मिश्रतिरको कथाको रुपमा मान्नुभएको छ । साथमा यो कथा आर्य सभ्यताको विस्तार संगै सिन्धु उपत्यकावारि आएको शिक्षा दिनुभएको छ । उहाँहरुको विश्लेषणमा यो रामायण सत्यमा भन्दा पनि रामायण मिश्र देखि इन्डोनेसिया सम्म डुलिहिंड्ने आर्यजनहरुको श्रुतिकाव्य हुनुपर्छ, जस्लाई गण्डकी किनारमा आश्रम बनाएर बसेका बाल्मीकिले लिपिबद्ध गरेका थिए । डा. अशोक अध्यायले पनि आफ्नो लेखमा (ref: 1. Sugawa Magazine, Pune. 2. World Book) यो रामायणलाई अर्कैरुप दिनु भएको छ । उहाँका अनुसार रामायण इजिप्टका राजा (King Ramses II) रामसेस दुतियको जीवनसंग सम्बन्ध भएको बताउनु भएको छ । इजिप्टको अभिलेखानुसार रामसेस दुतियका रानीहरु मध्येमा एकजनालाई छिमेकीदेश (-अहिलेको सिरिया) का राजा हित्तीते (-King Hittite of Present Syria) अपहरण गरेका थिए । उक्त रानीलाई फर्काउनको लागि लडाईमा जान राजा रामले नाईल नदिलाई तरेर जानु भएको थियो र उक्त राजा हित्तीतेको देशलाई जलाई आफ्नो रानीलाई इजिप्टमा फर्काएर ल्याएका थिए । पछि आएर वाल्मिकीले भारतको सभ्यतासंग मिलाएर रामायणको रचना गरी हिन्दु सभ्यतामा प्रश्तुत गरेका थिए । त्यसैगरी इतिहासका अध्येताहरुका अनुसार सबै वेदहरु टर्कीदेखि सिन्धुघाटीको बीचको भूभागमा रचिएका थिए भन्ने निष्कर्ष निकालेका छन् ।

रामायण मिश्र देशको कथा हो भने महाभारत इरान, अफगानिस्तानको कथा भएको कुरा जानकारी दिने गर्दछ । तर, यी दुवै महाकाव्यहरु अनि चारै वेदहरु भारतवर्षका दुई महान् ऋषिहरुबाट सम्पादित भएका हुन् । त्यसैगरी दशहरा नामक हिन्दी पुस्तकमा यो रामायण, महाभारत र मनुस्मृति नामक काव्यहरुको लेखन शुंगवंशको राज्यकालमा भएको थियो । त्यसैले यो रामायणको कथामा आधारित यो दशैं मान्नु नै पर्छ भन्ने निष्कर्ष सही हुँदैन । दशैंलाई रावण विजयसंग जोडेर विजया दशमी भन्ने गल्ती त कसैले गर्नै हुँदैन । किनकी रामायण कथाका आधारमा यो दशैंलाई मान्ने हो भने भारतमा दशैंलाई रमझम साथ हाम्रो देश र नेपालीहरुले भन्दा पनि बढि जोडले मनाउनु पर्ने हो । अर्को कुरा रामलाई आदर्श पुरुषको रुपमा पनि लिने गरिन्छ । उहाँको राज्यमा कुनै प्रकारका खराबीहरु थिएनन् । त्यसैले सबै देशमा राम राज्य नै हुनु पर्ने हाम्रा हिन्दुहरुको धारणा छ । तर साँचो कुरा के हो भने यो सत्य भएको देखिंदैन किनकी राम अयोध्याका थिए, उनले लंकामा विजय गरे रे । नेपालकी सुपुत्री सीता पतिब्रता थिईन् र भगवान जस्तै आफ्नो पतिलाई मान्ने गर्दथिइन् । जब उनीको रावणद्धारा अपहरण भयो यो कुरालाई पनि रामलाई पहिले नै थाहा थियो रे । राजा रावणलाई मार्नको लागी कुनै निहु नभएकोले सीताको हरण गर्ने योजना रामको थियो रे । अब विचार गर्नुस् ऊ कस्तो पति होला जसले आफ्नी पत्निको हरणको लागी आफै षडयन्त्रहरु



Downloaded from http://www.dhamma.digital

चलाउने ? जव रावणमाथि विजय पाए रामले सीताको चरित्रमाथि सन्देह गरेको हुनाले उनले कठोर थोरै भयो र अयोध्या दरवारका भारदारहरुको निष्कर्षमा विचरी निरअपराधी ती सीताले एक्लो वन अग्नि परीक्षा दिनु पर्यो । त्यो परीक्षा पनि वासको सजायं पुनः बेहोर्नु पर्यो । भारतबाट तिरष्कृत भएपछि माइती गाउँ नेपाल खोज्दै उनी वाल्मिकि आश्रममा आईपुगिन् । यो कुरालाई राम्ररी विचार गरेर हेर्ने हो भने पनि ऊ कस्तो राम होला जस्ले आफ्नो आगाडी नै आफ्नी पत्निलाई बेइज्जत गरेर दरवारबाट बाहिरायो । अर्काको कुरामा लागेर आफ्नी पतिब्रता पत्निलाई निकालि दिने त्यो कस्तो पति होला ? यो कुरालाई नकार्नका लागी रामले धेरै मानिसहरुको भलोको लागी गरेको र रामलाई थाहा थियो रे की सीता निर्दोषी छिन् । आफ्नो घरको आगोलाई त बुझाउन सक्दैन भने सारा देशको भार नै उसको काँडमा परेको भए के हुने होला ? त्यो देशको हाल कस्तो होला ?

यी कुरालाई छोडेर दशैंको विषयमा नै विचार गर्ने हो भने सम्रात अशोक भन्दा पहिले यसको इतिहास भएको देखिदैन । सम्रात अशोकले कलिंगमा पाएको विजय र धेरैको मृत्यु भएको दृश्यलाई देखेर दुःखी भएर बसिरहेको समयमा एक जना श्रामणेरको शान्त र निर्मल अनुहारलाई देखेर उहाँबाट धर्मदेशना सुन्नु भएका थिए । उहाँको धर्मदेशना सुनिसकेपछि सम्रात अशोकले शस्त्र त्याग गर्नु भएको थियो । साथमा बुद्धधर्मका अनुयायी भएर बुद्धधर्म प्रचार गर्नमा हरपल सहयोग गर्दै आउनु भएको थियो । त्यो दिनलाई नै उहाँको धार्मिक विजयको दिनको रुपमा मनाउने गरिन्थ्यो । यो दिनमा उहाँको राज्यकालमा धुमधामले मनाउने गरिन्थ्यो । साथमा जनताहरुले पनि धार्मिक राजा पाएको र पिता समानले जनताहरुको हेरचाह गर्ने भएकोले त्यो दिनलाई सबैले धुमधामले मनाउन थालेको थिए । यो विजयको दिन दशमी तिथीमा परेकोले यो दिनमा पाएको विजय भएर विजया दशमी भन्ने गरेका थिए । पछि यो शब्द परिवर्तन भएर भारतमा हाल दशहरा भन्ने गरिन्छ भने नेपालमा दशैं र नेवारीमा मोहनी भन्ने गरिन्छ ।

दशैंमा मानिसहरुको नराम्रो दशालाई ब्यहोर्नु पर्ने भन्दा त साना सोझा जनावरहरु देखि लिएर ठूल्ठूला जनावरहरुले पनि ज्यान गुमाउनु परिरहेका छन् । धर्मको नाममा साना साना औजारहरु देखि लिएर धेरै ठूलो औजार र मेसिनहरुको अगाडी पनि यो बलि दिने गरिन्छ । यस्तो यो हाम्रो कस्तो विश्वास होला ? रावणलाई जित्ने राम भारतको हो तर त्यहाँ त्यति बलि दिने गरिदैन । दुर्गाभवानीको प्रादुर्भाव पनि भारतमै भएको सुनिन्छ तर त्यहाँ त्यति बलि दिएर मनाउँदैन । हाम्रो नेपाल र हामी नेपालीहरुले चाँहि किन यसरी भयानक रुपमा मनाउने गरेका होला ? यो कहिले देखि आएको हो र कसरी यस्तो व्यापकरुपमा चल्यो । यसको विषयमा विचार गर्न योग्य छ र साथमा यस्तो अर्काको बलि दिएर धर्म हुन्छ भनेर यस्तो कार्य गर्नेहरुले नजानी भनौं वा जानेर नै भनौं कस्तो ठूलो पाप कर्म गर्दैछन् । जसरी हामीलाई केही घाउ



Downloaded from http://www.dhamma.digital

लागेमा नै कस्तो दुख्छ, आय्या भन्दै औषधीको खोजीमा जान्छौं । उनी विचरा जनावरहरुको त ताउको नै छिनीहाल्ने ! ! !

जे भए पनि नभनौं त आफ्नो मुखमा पानी तन्न भईसक्यो भनौं भने आफ्नै छिमेकीको नराम्रा कुराहरु भने झै यी कुराहरु भयो । त्यसैले यो कुरालाई यहि अन्त गर्दैछु । दशैंलाई मानिसले ढोल बजाउने र ऋण बोकाउने कर्मका नाममा बुझ्ने परिपाटीको अन्त होस् । देवताहरुको नाममा बलि दिने प्रथाहरु अन्त होस, साथमा यो आपसी भेटघाट, सन्चो सुविस्ता आदान प्रदानको पर्व बनोस् - तपाई सहित सबै मित्रजनलाई यही नै मेरो हार्दिक मंगलमय शुभकामना ।



Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

राग द्वेष र मोहलाई नाश गरी अर्हत हुनुभएका उहाँ अर्हत सम्येकसम्बुद्धलाई मेरो नमस्कार ।

★★★★★★★★

आदरणीय शीला दिदी

सादर सम्झना,

मैले पठाएका पत्रहरु त अवश्य नै पाउनु भयो होला साथमा  हाँसो लाग्यो होला त कहिँ शोक पनि । तर के गर्ने प्रकृतिको नियम नै यस्तै रहेछ, कहिले सुख छ त कहिले दुःख । कहिले बसन्त छ त कहिले पटझर ।  नराम्रा कुराहरु पनि होलान् र केही राम्रा पनि । त्यसैले बितेका पत्रहरुलाई राम्ररी विचार गरेर पढ्नुस् र विश्वास गर्नुस् । एकपटक कालाम गाउँमा बस्ने मानिसहरुलाई कस्को कुरामा विश्वास गर्ने र कस्तो धर्मलाई कुरालाई सत्य भनेर मान्ने भन्ने प्रश्नहरुको उत्तरमा भगवान बुद्धले भन्नुभएका थिए की कसैले भन्दैमा विश्वास नगर्नु, ग्रन्थहरुमा भनेका छन्, आचार्यले भनेको, परम्परा देखि चलि आएको भनेर, तर्कानुसार छ भनेर आदि कुराहरु भने विश्वास नगर्नु तर जब ती कुराहरु तर्कानुसार हुन्छ र साथमा दैनिक जीवनमा उतारेर त्यसबाट बर्तमानकाल, भविष्यकाल र अन्तिम कालमा पनि सहयोगी र सबै दुःखमुक्तिको लागी सहयोगी छ भने ती धर्महरुलाई पालन गर्नु भन्नु भएका थिए । त्यसैले ती पत्रहरुलाई पनि विचारपूर्वक प्रज्ञाको बत्ति बालेर ज्ञानको ज्योतिले अध्यारो कोठालाई उज्यालो बनाउनुहोला ।

वितेको पत्रमा दशैं भएको कारणले मैले दशैंको विषयमा धेरै नै बयान गरें । साथमा धेरै नभएपनि केही विश्लेषण पनि गरेर ल्याएको थिए । तर यसलाई बुद्ध धर्ममा कसरी लिईएको छ र कसरी मान्नु पर्दछ भन्ने विषयमा एकदम थोरै नै लेखेको महशुस भएकोले यस पत्रमा यस्को विषयमा अरु केही प्रकास पार्ने विचारमा छु ।

**दशैं हिंशाबाट अहिंशामा**

दशैं आजभोलि हिन्दु धर्मको एक महत्वपूर्ण चाडको रुपमा लिएता पनि यो यसो हेर्दा बौद्धहरुको नै चाड जस्तो लाग्दछ किनकी हिन्दु भन्ने शब्द नै पछि आएको र यस्मा विकृती अर्थात् हिंसा र अर्कालाई थग्ने कार्य पछि आएको देखिन्छ । त्यसैले हिन्दुहरुले यो चाडलाई कब्जा गरेर लिएको भन्दा पनि फरक पर्दैन जस्तो मलाई लाग्छ । आश्विनको दशमी जहाँ हिन्दुहरुले दशैं वा विजयादशमीको दिनको रुपमा



Downloaded from http://www.dhamma.digital

लिइन्छन् । यो दिनलाई उनीहरुको बर्णनानुसार भवानीमाँको असुरहरुमाथि पाएको विजय अथवा रामबाट रावणमाथि पाएको विजयको खुसियालीको रुपमा मनाउने गरिन्छ । तर बुद्ध धर्मको तर्फबाट हेर्ने हो भने यो दिनमा सम्रात अशोकको धम्म विजयको रुपमा मनाउने गरिन्छ । यसैदिनलाई विजयादशमीको रुपमा मनाउने गरेको देखिन्छ । यसो विचार गरेर हेर्ने हो भने जब राजकुमार शिद्धार्थ र देवदत्त विच हाँसको विषयमा झगडा हुँदा विज्ञजनहरुले मार्नेको भन्दा पनि बचाउनेको त्यो हाँसमाथि हक हुने भन्नु भएको उक्तिलाई लिने हो भने के हामीहरुले मार्नेको समर्थन गर्नु र बचाउनेको समर्थन गर्ने विषयमा विचार गर्नु पर्ने कुरा आउँछ । बौद्धहरुको यो उक्तिलाई मात्र नलिई सारा जगत नै यस विषयमा समर्थन हुनेछ भन्ने पक्का विश्वास सबैलाई लागेको नै होला । त्यसैले बौद्धहरुले यो दिनलाई शस्त्रत्याग दिवसको रुपमा पाँच शीलको प्रथम शीलानुसार मनाउनु पर्ने भएको र सच्चा बौद्ध भएको दर्शाउनु पर्ने देखिन्छ । यो चाडलाई शस्त्रत्यागको दिनको रुपमा मनाउने हो भने यसको फाईदा बौद्धहरुलाई मात्र हुने नभई सारा जगतलाई नै हुने हो । साथका यो दिनमा मात्र त्याग गर्ने नभई जीवन  भर नै त्याग गर्नसक्ने क्षमतालाई बृद्धि गर्नु जरुरी देखिन्छ ।

यस दशैंको विषयमा ऐतिहासिक तथ्य यस्तो थियो । यो दशैंको दिनमा सम्राट् अशोकले बौद्ध धर्म स्विकार गर्नु भएको थियो । उहाँले यसरी बुद्धधर्मलाई अंगाल्नुको प्रमुख कारण भन्नु नै उहाा पहिले धेरै नै महत्वाकांक्षी राजा थिए । आफ्नो देशको विस्तारको लागी छिमेकी राज्यहरुमा हमला बोलेर जीतेर एकत्रित गर्नमा लागेका थिए । त्यस्तैमा कलिङ्गको लडाँईमा मरेका मान्छेहरुको लासलाई देखेर दुखित भएका थिए । आफ्नो त्यो जीतलाई पनि हार भएको झै महशुस गरेका थिए । उहाँको मनमा शान्ति थिएन । केही समयप्रश्चात उहाँको भेट एक निग्रोध नामक श्रामणेरसंग भयो । उहाँको शान्त र निर्मल स्वभावलाई देखे पछि सम्राट्ले मनमा शान्तिको महशुस गरेका थिए । उहाँले उक्त श्रामणेरलाई राजदरबारमा निमन्त्रणा दिएर भोजन दान गर्नुभयो । श्रामणेरबाट बुद्धधर्म सम्बन्धि देशना गरेको सुन्नु भएको थियो । उक्त देशनालाई सुनेर राजा अशोकको मनमा धेरै नै शान्त भएको र धेरै दिन देखिको दुःखबाट मुक्त हुनुभएका थिए । यसरी मनमा छाएको सितल शान्तको कारणले राजा अशोकले आश्विन मासको दशमीको दिनमा भिक्षु मोग्गलीपुत्त तिष्य महास्थविरको सन्मुखमा बुद्ध, धम्म र संघ (त्रिशरण) लिनु भएको थियो ।

त्रिशरण लिनुभएपछि त्यसै समयमा उहााले भिक्षुसंघको सामु आजदेखि सारा शस्त्रत्याग गरेर अहिंसा र मैत्रीबाट सारा प्राणी मात्रको हित र सुखको लागी काम गर्ने प्रतिज्ञा लिनुभएका थिए । यसरी अधर्मलाई छोडेर हिंसात्मक सम्राट धार्मिक बन्नुभएका थिए । साथमा उहाँको नाम आजभोलि सारा संसारमा नै बौद्ध उपासकको नामले प्रख्यात भएको देखिन्छ । उहाँबाट गरिएका सारा लडाँई र मारकातलाई भुलेर उहाँको



Downloaded from http://www.dhamma.digital

बौद्धउपासकत्वको समयदेखिलाई नै सारा जगले सम्झने गरेका छन् । उहाँको त्यसैदिन देखिको अतुत सहयोग र समर्पणको कारणबाट नै आज हामीहरुको साथमा बुद्धधर्म जीवित अवस्थामा छ । उहाँले बुद्धधर्मको संगायना गरेर नौं समूहका बौद्धधर्मदूतहरु पठाउनु भएका थिए । त्यसैको फलतः बुद्धधर्म आज हामीसम्म पुगेको हो । यदि उहाँको समर्थन र सहयोग नपाएको भए धेरै शताब्दी पहिले नै ब्राह्मणवादी वा हिन्दुहरुले बुद्धधर्मलाई यो धर्तिमा दबाईसकेको थियो होला । यस्को उदाहरण भारतबाट सात आठ शताब्दीसम्मको लागी बुद्धधर्म लोप भएको इतिहास हामीसामू आजपनि जीवित नै छ । उनीहरुको यो कार्य पहिले मात्र भएको नभई अहिले पनि निरन्तर रुपमा जारी रहेको देखिन्छ ।

सम्रात अशोकको समयमा नै बुद्धधर्म विभिन्न देशमा प्रचार भएको थियो । उहाँले आफ्नो देशमा बुद्धधर्मलाई राष्ट्रिय धर्मको रुपमा पनि घोषण गरेका थिए । साथमा अरुधर्मलाई पनि समर्थन गर्नुभएका थिए । भनिन्छ, उहाले बौद्ध भिक्षुलाई सरकारी सल्लाहकारको रुपमा पनि नियुक्ति गर्नुभएका थिए । यो नियुक्ति ब्राह्मणहरुको अधिकारको लागी धेरै नै घाटक थियो । यस्को उदाहरण आजभोलिको हाम्रो नेपालको समाजमा पनि देखिन्छ । राज्यको सल्लाहकारमा धेरैजसो ब्राह्मणहरु नै भएको र अरु जनजातिहरु भएको देखिदैन । यसको इतिहासलाई हेर्ने हो भने राजा अंशुवर्माको समय देखि नै नेपालमा ब्राह्मणहरुको प्रभाव शुरुवात भएको र राजा जयस्थिती मल्लको समय देखि ब्राह्मणको बाहुल्यता पाएको र  अहिलेसम्म पनि भएको छ । त्यसैले पनि धेरैले कुरा कात्ने गर्दछन् कि नेपालमा विकास नहुनुको प्रमुखकारणहरु मध्येमा यो पनि एक हो । यस्तो हो वा होइन यो हाम्रो प्रशंग होइन त्यसैले यो विषयलाई यहाँ नै छोडौं ।

सम्रात अशोकको सेनापतिमा पुष्यमित्र थियो । ऊ भने ब्राह्मणका पुजारी थियो । त्यसैले उसले भारतका सम्रात अशोकको मृत्यु पश्चात् उहाँको पुत्र बृहद्रथको हत्या गरेर आफू राजा बनेका थिए । यसरी शुंग साम्राज्यको स्थापना गरेर भिक्षुहरुको पनि धेरै नै हत्या गरेको र विहारहरुको पनि धेरैमात्रमा जलाएको भनिन्छ । यसको विषयमा **दिव्यावदान** नामक ग्रन्थमा “उसने (राजा पुष्यमित्र) ने घोषण की कि जो मुझे एक सिर (कटा हुआ) देगा, उसे मैं सौ दीनार दूँगा ।” यसबाट प्रष्ट हुन्छ कि ब्राह्मणहरुको आगमण पश्चात् नै भारतबाट बुद्धधर्मको लोप हुन थालेको थियो र उनीहरुले बौद्ध भिक्षुहरुलाई धेरै नै सताएका थिए । यसको उदाहरण आदि संक्राचार्य र उहाँका शिष्यहरुले नेपालमा राजा जयस्थिति मल्लको समयमा नेपालमा आएर बौद्धसंस्कृति र सम्पदालाई नष्त गरेको उदाहरणलाई पनि लिन सकिन्छ । त्यसैले यो सारा लेखिराख्नुको प्रमुख उदेश्य नै के हो भने यो दशैं वास्तबमा हिन्दुहरुको नभई बौद्धहरुको चाड हुनुपर्ने र यो दिनमा हिंशालाई त्यागेर धार्मिक बन्नुपर्ने दिनलाई हिंशाको दिनमा बडल्ने कार्य हाम्रा हितकारी भनाउँदाहरुले नै गर्नुभएको थियो । त्यसलाई बुझेर यो चाडलाई हिंशाको दिनमा परिवर्तन नगरी मैत्री र



Downloaded from http://www.dhamma.digital

करुणाको दिनको रुपमा परिवर्तन गर्न योग्य र गर्नु नै पर्ने देखिन्छ । यो दशैंमा आफ्नो रगत नखाने (घाउ होला) जस्ता अन्धविश्वासलाई लिएर सानासाना औजारहरु देखि लिएर ठूल्ठूला औजार र गाडीहरुमा पनि बलि चढाउने गरिन्छ । यो कस्तो अन्धविश्वास हो हाम्रा छिमेकीहरुको ? त्यसैले नै हाम्रा यी कार्यहरुलाई देखेर सारा ब्राह्मणहरु हांस्ने र जुँङ्गा मुसार्ने गर्दछन् । त्यसैले यसकुरामा विचार गर्न योग्य भएको र यस्को यथार्थतालाई बुझ्न धेरै नै जरुरी देखिन्छ ।

यसरी जुँङ्गा नमुसार्ने पनि कसरी ? यसमा उहाँहरुको केही  पनि दोष छैन । यसमा त हामीहरुको नै दोष छ । दशैंलाई दशामा परिणत गर्ने उहाँहरु नभई हामीहरु नै हौं । एकपटक एकजना पुरोहित बाजेको ठगी र चमत्कारीपूर्ण चर्तिकलामा विश्वास गरेर धेरै जवान व्यक्तिले दुःख भोग्नु परेको रहेछ । अन्तमा सबैले आफू ठगिएरको महशूस गरेपछि सबै मिलेर त्यस बाहुन बाजेलाई समातेर अदालतमा अभ्याइएछ । न्यायाधीशले बाहुनको पक्षमा नै यसरी फैसला गरेछ,दोष बाहुन बाजेको होइन, लोभ र अन्धविश्वासमा भुल्न पुगेको कारणले नै सबैले यस्तो दुःख भोग्नु परेको हो । यसरी अन्धविश्वासमा किन भुलेको भन्दै उल्टो झपारेछ न्यायाधीसले ती मानिसहरुलाई । यस नाटकको मतलबले प्रष्ट्याउँछ, दशैं चाड मनाउनु पनि अन्धविश्वासकै कारणले गर्दा हो । यस्तो हिंसात्मक अन्ध परम्परालाई त्याग्नु पर्ने कुरालाई अप्रत्यक्ष रुपमा नेपाल टी.भी.ले प्रचार गरेको देखेर जनता अचम्म परेका छन् । यसरी भिक्षु अश्वघोष महास्थविरले उहाँको पुस्तक बुद्धकालीन संस्कृतिमा उहाँले सुनेका कुरालाई प्रश्तुत गर्नु भएको विषयलाई यहाँ विचार गर्न योग्य छ ।

अर्कोकुरा नेपालमा यो चाडलाई हिन्दुहरुको एकमात्र महान चाड भनेर मनाउने गरेकोले हामी बौद्धहरुले यो चाडलाई मनाउनै हुँदैन । त्यसैले बौद्धहरुले यो चाडलाई हिंशाको रुपमा मनाउन नहुने तथा आफ्नो धर्मानुसार नै शान्तिपूर्वक विहारमा गएर वा भिक्षुसंघको सामु त्रिशरण पञ्चशील लिएर वा उपोसथ शील याचना गरेर मनाउनु पर्दछ । जसरी सम्राट अशोकले शस्त्रत्याग गरेर त्रिशरणको शरणमा गएर यी दिनहरुलाई बौद्धधर्मानुसार दान शील र भावना गरेर मनाएका थिए । त्यसरी नै आजभोलि हाम्रा छिमेकी बौद्धदाजुभाईले पनि मनाउनु पर्दछ । अनिमात्र सच्चा बौद्ध र बुद्धधर्मानुसार दैनिक जीवन यापन गरेको ठहरिन्छ ।



Downloaded from http://www.dhamma.digital

## दिपावली र बौद्ध कार्य

त्यसैगरी दिवालीको विषयमा पनि सानो चर्चा गरौं । यसको विषयमा पनि विभिन्न कथा र कहानीहरु भएका देखिन्छन् । नेपालमा यो दिनलाई तिहार भनिन्छ । विषेशरुपमा यो दिन हिन्दुहरुको लागी धेरै नै खर्चीलो चाड हो । धेरै नै अन्धविश्वासी मानिसहरु यो दिनको रातमा जादूहरु गर्ने र हेर्ने गर्दछन् । दिपावली भन्नाले दिव र अवलीको मिश्रण शब्द हो । दिप भन्नाले बत्ति र अवली भन्नाले एकै पंक्तिमा त्यसैले दिपावलीको अर्थ नै दिपहरुलाई पंक्तिबद्ध रुपमा बालेर मनाईने चाडलाई भनिन्छ ।

हिन्दुधर्मका अनुसार यो दिनलाई राम र उहाँको रावणमाथिको विजय पछि अयोध्यामा फर्कनु भएको समयमा राती भएकोले अयोध्याका जनताहरुले बत्ति वा दियो बालेर उहाँको स्वागत गर्नुभएका थिए । यसैको सम्झनामा यो दिनलाई मनाउने गरिन्छ । तर साकेत वा अयोध्यामा कहिले पनि कुनै राजाले बास गरेका संकेट नरहेको कुरालाई महापण्डित राहुल सांकृत्यायनले उहाँको कार्य **'वोल्गा से गंगा'** नामक पुस्तकमा बताउनु भएका छन् । वाल्मीकि (युद्धकाण्ड, सर्ग १२७) रामायणमा रामको अयोध्या फिर्तामा दिपको एक शब्द पनि देखिदैन । त्यसैगरी उहाँ दिनको समयमा फर्कनुभएका थिए साथमा बाटोमा सुगन्धित द्रव्यहरु विछाएका थिए । त्यसैगरी रातीको समयमा रामलाई स्वागत गरेका समारोहको पनि संकेट देखिंदैन । त्यसैले कसरी यो दिनमा रामको फिर्तासंग हिन्दुहरुले सम्बन्ध राख्यो यो कुरालाई विचार गर्न योग्य नै छ । त्यसैले अब प्रश्न उठ्छ की यो दिवाली कसरी शुरु भयो ? गृहय सूत्र प्राचीन भारतको चाड पर्वहरुको एक महत्वपूर्ण ग्रन्थ मान्ने गरिन्छ । यसमा धेरैजसो सबै चाडहरुको छोटो विष्लेशण भएको मानिन्छ । यसमा यो दिवालीमो बर्णन भएको देखिदैन । साथमा यो कार्तिक महिनाको अमावस्याको दिनमा **नवान्नेष्टि** नामक यज्ञ गर्ने चलन भएको संकेट दिएका छन् । त्यसैले यो दिवाली पछिको उत्पति हो र रामायण संग कुनै सम्बन्ध नभएको कुरालाई प्रष्ट्याउँछ ।

त्यसैगरी यो दिनलाई शीखधर्म मान्नेहरुको लागी उहाँहरुका गुरुको आगमनको दिनको रुपमा मनाउने गरिन्छ । त्यसैले यो दिवालीका विषयमा धेरै नै किम्बदन्ति वा कथाहरुले भरिभराव भएका छन् । यहाँ हामी बौद्धहरुसंग यसको कुनै सम्बन्ध छ की छैन भन्ने प्रश्न उठ्न सक्दछ । यसको विषयमा मसंग त उत्तर थिएन तर वितेको केही दिन पहिले दिवालीको चर्चा भईरहेको समयमा एक जना बौद्धले दिवाली बुद्धधर्ममा कसरी मनाउनु पर्दछ र यसको के विशेषता छ त भन्ने विषयमा लेखेर ल्याएका थिए । उहाँले यो दिनलाई अशोक महाराजसंग सम्बन्ध गाँसेर दिपावलीलाई वर्णन गरेको देखिन्छ । त्यसैगरी अर्को विश्वासमा सिद्धार्थकुमारले गृहत्याग गर्नुहुने रातमा उहाँलाई दरवार छोडेर गएको दिनमा गृहत्याग गर्नबाट रोक्न यो बत्ति बालेका थिए । यी सबै आफ्नै आफ्नै विश्वास र कुरा गर्ने एक प्रकारको ढंग मात्र हो । "उनीहरुले त



Downloaded from http://www.dhamma.digital

यस्तो भन्छन् भने मैले मात्र किन भन्न नहुने" भन्ने विचारले यी दर्शनहरुको उत्पति भएका हुन् । तर बौद्धहरु भईसकेपछि यी दर्शनहरुलाई पढ्ने वित्तिक्कै विश्वास गर्नु हुन्न । यसको इतिहास र सत्यतालाई बुझ्नु जरुरी हुन्छ । त्यसैले यो तिहार वा दिवालीको विषयमा केही छलफल पनि गरिहालौं ।

साँच्चै भन्ने हो भने यो दिनमा खुसियाली आएको दिन थियो । बर्षौं देखि खेटमा काम गरेर नयाँ अन्नको पर्खाई बसेका किसानहरुले नयाँ अन्न घरमा आगमन भएको खुसियालीमा यो दिनमा बत्तिहरु बालेर परिवारका सबै सदस्यहरु बसेर खुसियाली मनाउने गरेको दिनलाई नै दिपावली भनिन्छ । त्यसैले नेवारहरुको लागि यो नयाँ बर्ष पनि हो । पछि यो दिन अर्थव्यवस्थाबाट परिवर्तन भएर बस्तु विनिमयको सत्तामा सिक्कामा भयो । त्यसैले यो संसारको परिवर्तन संगै नयाँ धान र अन्नको आगमनबाट पैसा र पैसाको आगमनमा परिवर्तन भईदियो । नयाँ अन्नको आगमन संगै चोरी गर्नेहरु पनि बढ्दै गएको देखिन्छ । त्यसैले त्यसै दिनदेखि नयाँ अन्नको चोरीबाट बचाउनको लागी पनि रातभरी बत्तिहरु बालेर त्यसको अगाडी र पछाडी पनि बत्तिहरु बालेर खुसियाली मनाउने कार्य शुरुवात भएका थिए । तर पछि यो दिन परिवर्तन भएर खाली पैसा र पैसामा भर परेको र सम्पतिको आगमन र यसको बचाउको लागी चलाउने गरेका बत्तिहरु आज आएर खर्चिला र अप्ठ्यारा दिनमा परिबर्तन भईदियो ।

यो दिनमा रामको पूजा गर्ने चाड नभई लक्ष्मी देवीको पूजा गरी मनाउने चाड सुहाउने लाग्दछ । नेपालमा यो दिनको राती बाहिरको कुमार देवताको स्थान देखि घरभित्रको ढुकुटी वा भण्डार कोठा सम्म चिन्ह लगाएर लक्ष्मीलाई बोलाउने गरिन्छ । उहाँको पूजा अर्चना गर्ने गरिन्छ । यसरी उहाँको अर्चना गरेमा लक्ष्मीदेवी खुसी भएर धनसम्पति पूर्ण गरिदिने विश्वास गरिन्छ । उहाांको आगमनको प्रतिक्षा र उपासना गरेर धनसम्पतिको बृद्धि हुने विश्वासले यो दिनलाई मनाउने गरिन्छ । धनबृद्धिको इच्छामा यो दिनमा लाखौंको पैसालाई नष्ट गरिदिने गर्दछन् । जुवा तास खेल्ने र जाँड रक्सी खाएर मोज गर्ने गर्दछन् । के यसको कार्यबाट धनको बृद्धि होला र ? के गर्ने हाम्रा आफन्तहरु भनाउँदा यो दिनमा जुवा ताँस र जाँड रक्सीहरु खाएर लक्ष्मीदेवीको प्रतिक्षा गर्ने गर्दछन् । उहाँहरुलाई त्यतिपनि थाहा छैन ? जुवा तास खेल्नेहरु र जाँड रक्सी खानेहरुको सधैं कूभलो र नास नै भईरहेका हुन्छन् । जाँड र रक्सी पिउनेहरुको लागी त झन ठूलो कुरा के छ भने कुकुरको अगाडी जाँड रक्सी राखिदिएमा उसले छुँदा पनि छुन्न यस्तो चीजलाई पनि मुखलाई बंङ्ग्याउदै खाने बानी हाम्रा आफन्तहरुलाई परिसकेका छन् । यस्तो व्यवहार गरेर जिन्दगीभर लक्ष्मीको प्रतिक्षा गरेता पनि लक्ष्मी देवीले त के आगमन गर्लान् यसो विचार गर्दा त की त घरबार खाईदेला, की त मृत्युराजको पासोमा चढ्नु पर्ला । आफू पनि पासोमा पर्नेछन् र आफू पछिका सन्तानलाई पनि पासोमा राखेर जानेगरेका उदाहरणहरु हाम्रा अगाडी धेरै नै छन् । यहाँ बुद्धधर्मले सम्पति नाश हुने



Downloaded from http://www.dhamma.digital

छवटा कारणहरुलाई सिगाल नामक गृहपतिलाई भगवान बुद्धले दिनु भएको उपदेशलाई विचार गर्न योग्य देखिन्छ । ती मध्येमा सुरापान अर्थात जाँड, रक्सी आदि मादक पदार्थ सेवन गर्नाले सम्पतिको विनाश हुन थाल्दछ, कुबेलामा घुम्ने, नाच गान हेर्नाले, चित्त प्रमाद हुने जूवा तास, त्रिपासा आदि खेल्नाले पनि सम्पतिको विनाश हुन थाल्दछन् । त्यसैगरी कूमित्रहरुको संगत गर्नाले वा अल्छी भएर बस्नु पनि सम्पतिको विनाश हुन थाल्दछ । त्यसैले यो दिवालीको दिनमा लक्ष्मीदेवीलाई साच्चै नै घरमा निमन्त्रण दिएर रात्रीभोजन दिन चाहनुहुन्छ भने यी कुराहरुमा विचार गरेर कार्य गर्नुका साथमा प्राणी हिंशाबाट बच्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, झूठ नबोली र लाग्ने चिजहरु जाँड रक्सी तथा लागूपदार्थहरुको सेवन नगर्नुबाट अवष्यमेव लक्ष्मीले बास त गर्ने नै छन् । त्यसैले यो चाडलाई लक्ष्मीलाई विदा दिने चाडमा परिवर्तन नगरी यसको विचार पूर्वक मनाई लक्ष्मीलाई घरमा सधैं बास गर्नेतिर प्रयास गर्नुपर्दछ ।

आचार्य भिक्षु अमृतानन्द महास्थविरले गृही विनय पुस्तकमा सिगालोवाद सुत्रलाई राम्ररी प्रस्तुत गर्नु भएका छन् । त्यसैले म उहाँको पुस्तकको केही अंशलाई यहाँ प्रश्तुत गर्दैछु । सुरापान अर्थात जाँड, रक्सी आदि मादक पदार्थ सेवन गर्नाबाट हुने दोषहरु छ प्रकारका छन् ।

क) यसबाट अहिलेको धन द्रव्य तथा घरखेत, गहना आदि विनाश भएर जान्छ ।

ख) आफ्नै परिवारका आमा बाबु, दाजुभाई, दिदी बहिनी, नोकर चाकर घरछिमेकी तथा नाताकुटुम्ब इष्टमित्रहरुसित कलह अर्थात लडाई झैं झगडा हुन थाल्दछ ।

ग) आफ्नो शरीरमा रोग उत्पन्न हुन थाल्दछ शरीरको विभिन्न अंगादि दुख्न शुरु गर्दछ, नाना प्रकारको दुःख पीडा भई चाँडै बूढो जस्तो देखिन थाल्दछ ।

घ) बदनामी फैलिन थाल्दछ । सबैले धिक्कार्न शुरु गर्दछ । अपमान सहनु पर्ने हुन्छ । अरुले भरपत्यार गर्न छोड्दछ । विधि व्यवहार गर्न कथिन हुन्छ ।

ङ) बेशरमी भएर लाज छोड्दछ । अर्थात् सुरापान गरी कर्तव्य अकर्तव्य गरी भोलिपल्ट हिजो आफू कराएर चलेर हिंडेको कुरा सम्झी पश्चात्ताप गर्नुपर्ने ठाउँमा पश्चाताप नगरी, अरुले आफुलाई के भन्दा हुन् भन्ने भय केही नलिई, ईष्टमित्रहरुको मुखै म कसरी हेरुँ भन्ने कुनै किसिमको चिन्ता नलिई निर्लज्ज भएर हिड्दछ ।

च) सुरापानले प्रज्ञा बुद्धिहीन भएर जान्छ । सुरापान गर्नु मात्रले शरीरका नशाहरु दुर्वल भएर जान्छन् । नशाहरु दुर्बल भएपछि चिन्तनशक्ति शिथिल भएर कमजोर हुन थाल्दछ । चिन्तनशक्ति कम भएपछि यथार्थ कुरा केही पनि बुझ्न सक्तैन । स्मृति ठीक रहँदैन । स्मृति ठीक रहेन भने आँखा भएपनि अन्धो हुन्छ । ज्ञान भएपनि मूर्ख बनिन्छ । प्रज्ञा भएपनि असिद्धि हुनुपर्ने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

कुबेलामा घुम्दा तथा नाचगान हेर्नुबाट आउने दोषहरुपनि भगवान बुद्धले छ वटा नै छन् भनेर बताउनु भएको छन् तर यहाँ यसको चर्चा गर्नु भन्दा पनि तिहारको दिनमा जुवा तास आदि खेलेर धनसम्पत्तिलाई नाशगर्ने हाम्रा छिमेकीका बानी भएकोले भगवान बुद्धले यी गर्नुका वा खेल्नुमा देखाईदिनुभएका छ वटा दोषहरु यहाँ प्रस्तुत गर्दैछु ।

भगवान बुद्धले भन्नु भएको थियो प्रमाद उत्पन्न हुने कार्यहरु भन्नु नै जुवा, तास, त्रिपासा, आदि खेल्नुमा यी छवटा दोष छन् । ती हुन् :

१) जुवा खेल्दा जीत भयो भने शत्रु बढ्दछन् । जीत्नेले म जीते भन्ने भावनाले अभिमान गर्न थाल्दछ । परजनलाई अपमानजनक शब्द प्रयोग गर्दछ । अनि परजनको मनमा रीस उठ्न थाल्दछ, जीत्नेप्रति शत्रुभाव गर्न थाल्दछ । अझ अलि दुर्जन पुरुष भयो भनेत पिटपाट पारी जीतिराखेको धन जम्मै लुट्ने विचार गर्दछ, या लुटी पनि हाल्दछ ।

२) जुवा खेल्दा हार भयो भनेपनि आफ्नो धन परजनको हातमा गएको हेरी, आफ्नै धने मात्रै सम्झी लामो सास फेरेर अपशोच गरिरहनु पर्ने हुन्छ ।

३) धनी व्यक्ति पनि जुवामा हारेर निर्धनी हुनुपर्ने हुन्छ ।

४) कही सभा समाजमा गएपनि जुवाडे भनी विश्वासपत्यार गर्दैन ।

५) नाता कुटुम्ब इष्टमित्रहरुले हेला गर्न थाल्दछन् । त्यस्ताको छोरा भएर पनि त्यस्तो कुलतमा लागेर हिंडनु हो ? भनी आफ्नै हितचिन्तकहरुले पनि हप्काउन थाल्दछन् । जुवाडे भएपनि कसैको अर्ति बुद्धि पनि मनमा पस्दैन । अनि उनै हितचिन्तकहरुले पनि, हामीले भनेको अर्ति नसुन्ने भनी, कहीं बाटैमा भेट भएपनि नदेखेको जस्तो गरी एकातिरबाट हिंडिदिन्छन् । जुवाडेको विषयमा कसैले केही भन्न तथा सोध्न आएपनि आफ्नै दाजुभाईहरुले समेट त्यस्ताको कुरा हामीलाई थाहा छैन भनी भनिदिन्छन् । यसप्रकारले आफ्नै मान्छेहरुको दृष्टिबाट पनि खस्नु पर्ने हुन्छ ।

६) आवाह विवाह पनि जुवाडेले गर्न सक्दैन । जुवाडेको छोरी कसैले लिदैनन् । छोरालाई पनि कसैले आफ्नो कन्या दिन मान्दैनन् किनभने जुवाडेको सम्पति स्थीर रहँदैन, चाँडै नाश हुन्छ । तसर्थ जुवाडेले विधि व्यवहार हत्तिपत्ति गर्न सक्दैन् ।

त्यसैले यहाँ विचारणीय छ की हामीले यो दिवाली वा तिहारलाई पनि धेरै नै होश पूर्वक मनाउनु पर्ने देखिन्छ । अर्को तर्फ तिहारलाई हेर्ने हो भने दाजुभाई र दिदी बहिनी विचको माया र सम्बन्ध । यो एकतर्फबाट हेर्ने हो भने राम्रै संस्कृति हो । बर्षमा एकपटक भएपनि उनीहरुविचमा राम्ररी बसी कुराकानी गरेर दिन विताउनु र आफ्ना सुखदुःखका कुराहरुलाई आदान प्रदान गरेर दिन विताउनु । तर के त्यही



Downloaded from http://www.dhamma.digital

एकदिनमा मात्र त्यो सम्बन्ध महत्वपूर्ण हो र ? साच्चै त त्यो सम्बन्धलाई आजको दिनमा मात्रै मनाउने नभई सारा जीवनभर नै मनाउनु पर्दछ । एक आपसमा माया र ममताले भरेर एक आपसमा परेका दुःख र समस्याहरुलाई सदैव सहयोगको भाव राखेर सधैं बस्नु पर्दछ ।

## बेलायतमा म हिन्दू भएछु !

अहिलेलाई हामी यी हाम्रा चाडपर्वहरुलाई यही छोडेर अर्का कुराहरुको सम्बन्धमा विचार गरौं । भिक्षुको जीवन पनि कस्तो रहेछ ? कहिले काही अर्काको विषयमा नचाहाँदा नचाहँदै पनि कुरा कात्नु पर्ने त कहिले काही आफ्नै विषयमा पनि सोच्नु पर्ने रहेछ । हुनतः भगवान बुद्धले देशना गर्दा कसैको निन्दा नगर्नु, लाभको आशामा नगर्नु उनीहरुको भलो चिताएर गर्नु भनेर आदेश दिनुभएका थिए । तर के गर्ने यो पृथकजनको संसारमा जति अर्काको कुरा नकातौं भन्दा पनि काट्नै पर्ने बाध्यताहरु आउँदा रहेछन् । अर्कोकुरा यो देशना नभई एक आपसमा सम्झेका बुझेका कुरालाई छलफल मात्र गरेका हौं त्यसैले यसमा धेरै विचार नगर्नु ल । तर पनि भिक्षुको कार्य भन्नु नै उपासक उपासिकाहरुलाई मिथ्यादृष्टिबाट निकालेर सम्येक दर्शन दिनमा लाग्नु नै पर्ने जीवन हो । जस्को कारण कहिले डर र भयलाई विचार गरेर यसको सामना गर्नुपर्ने रहेछ । यसको विषयमा तपाईलाई पहिले पहिलेको पत्रमा नै लेखिसकें, जस्तै एक क्रिश्चियन महिलासंगको कुराकानी, हिन्दू धर्मका कुराकानी आदि । हुनतः भगवान बुद्धको समयमा घटेका यस्तै घट्नाहरु छन् ।

एकसमयमा भिक्षु पुण्ण भगवान बुद्धसंग अपरन्त जनपदमा बर्षावास बस्न जानको लागी अनुमति लिन जानु भएका थिए । अपरन्त जनपद धेरै नै भयग्रष्ट स्थान र त्यहाँका मानिसहरु अधर्मी र धेरै नै खराब थिए । तर पनि त्यो जनपद भिक्षु पुण्णको जन्म थलो थियो । त्यसैले भगवान बुद्धले उनलाई यस्तो भन्नु भएका थिए ।

पुण्ण ! त्यहाँ बर्षावासको समयमा मानिसहरु आएर गाली गर्नआयो भने तिमी के गर्छौ ?

भिक्षु पुण्ण उहााको उत्तरमा भन्नुहुन्छ : भगवान शास्ता, यदि उनीहरुले खाली गाली मात्र गर्नेछन् भने ढुङ्गा मुडाले त हानेनन्, यदि ढुङ्गाले नै हानेमा पनि उनीहरु आएर पिटेको छैन, उनीहरु आएर पिटेमा नै पनि हतियारहरु ल्याएर काट्न त आएन, साथै यदि उनीहरुले हतियारहरु ल्याएर नै काट्न आएमा पनि मार्न त मारेन ।

पुण्ण ! तिमी त्यहाँ गएर बर्षावास बस्न सक्छौ । भनेर भगवान बुद्धले पुण्णको साहसमा अनुमोदन गर्नुभएका थिए । यसरी भगवानले अनुमोदन गर्नुको प्रमुख कारणले उहाँको साहस र बहुजनको हित र



Downloaded from http://www.dhamma.digital

सुखको लागी आफ्नो ज्यान दिनको लागी पनि पछि नपरी काम गर्नु हो । त्यसै गरी अर्काको देशमा आएर त्यो पनि बौद्ध देश नभएका देशमा आएर बुद्धधर्मको प्रचार प्रसार गर्नु भनेको भिक्षु पुण्णको अपरन्त जनपदमा गएर प्रचार गर्नु झै हो । त्यसैले यस्तो प्रकारमा निन्दा र खतराहरु पहिले बुद्धको पालामा मात्र भएको नभई आजकाल पनि छन् । यहाँ मैले पनि धेरै पटक सामना गर्नु पर्यो । मैले मात्र सामना गर्नुपर्ने नभई अरु भिक्षुहरुले पनि यसको सामना गर्नु परेका उदाहरणहरु प्रशस्त छन् । केही दिन पहिले थाईलैण्डमा अंग्रेज भिक्षु नामक पुस्तक पढिरहेको थिए । त्यसको विचमा पनि उहाँको ईण्लैण्ड भ्रमणमा आउँदाको घट्नाहरुको बर्णनमा कहिले गोलभेडा त कहिले ढुङ्गाले नै हानेर ल्याएका उदाहरणहरु दिनुभएका छन् । यो देश उहाँको आफ्नै देश हो । तर जब चीवर लगाएर आउँनु भयो त पराई भईदियो र यस्ता घट्नाहरुको सामना गर्नुपर्यो । यी त भए खाली गोलभेडा र ढुङ्गा मुडाले हानेर गरिएका उदाहरणहरु तर अमेरीकामा केही बर्ष अगाडी एउटा थाई विहारका सारा भन्तेहरुलाई नै गोली हानेर मारेका थिए । यसको विवरण आजपनि हामीसंग जीवित भएर उहाँहरुको सम्झनामा निकालेका पुस्तकहरु छन् । त्यसैगरी रसियामा केही साल पहिले श्रीलंकाका भिक्षुलाई विष खुवाएर मारेको थियो । साथै थाईलैण्डकै दक्षिणमा बौद्ध देश भएर पनि भिक्षुहरुलाई मार्ने र काट्ने गरेका उदाहरणहरु छन् । यी घट्नाहरुको सामना गरेर यी देशहरुमा धर्मको प्रचार गर्नु पर्दछ । यी परिस्थितीहरु मसंग पनि समय समयमा हुने गर्दछन् । ती घटनाहरु मध्येमा पनि दुईतीन घट्नालाई त पहिलेको पत्रहरुमा नै जानकारी दिईसके ।

केही समयदेखि एकजना झ्यानवालाले झ्यानबाट नै हात हल्लाएर जिस्क्याउने गरेको र नराम्रा शब्दहरु प्रयोग गर्ने गरेको घट्नालाई सामना गर्नुपरिरहेको छ । जब मेरो उसंग भेट हुन्छ र उसको पहिले कै जस्तो व्यवहार हुने गर्दछ तर मैले कहिले पनि उसको जवाफ दिएन । सधैं हासेर आउँने गर्दैछु । म संग अरु चारा नै छैन । यदि उनीहरुलाई केही भनेमा पूरा परिवारलाई लिएर आउने गर्दछन् । तर आफुभने शान्त भएर फर्किनु पर्ने हुन्छ । जेहोस्, यही शान्तताको कारणले आजकाल यहाँको सरकारले पनि बौद्ध धर्मलाई केही महत्व दिएको देखिन्छ । त्यसैले वाटपाकनामका मेरा पूज्य गुरु भन्तेले दिनुभएका मन्त्रहरुले पनि अझ सहायता दिदैछ । उहाँ भन्नुहुन्छ :

क) अर्काको प्यारो भएर बस्नु

ख) अर्काको आदरणीय भएर बस्नु

ग) सधैं नयाँकुराको बृद्धि गर्दैरहनु

त्यसैले हामी मानिसहरु जहाँ गएर बसेको भएपनि यदि यी तीन धर्मलाई सम्झेर काम गर्ने हो भने सधैं सफलता नै पाउने गर्दछौं । जहाँ गए पनि सबैको आदरणीय हुनेछ साथमा सधैं नयाँ नयाँकुराहरुले



Downloaded from http://www.dhamma.digital

उनीहरुलाई सहयोग गर्दै जानेछ । भिक्षुको कार्य सत्यतालाई प्रचार गर्नलाई बाधाहरु हुनेछैन । त्यसैले यी तीन धर्महरु मेरोलागी धेरै प्रयोगजनक भयो । यसै धर्मको कारण म बसेको बौद्ध समाजले मलाई मन परायो साथमा ममाथि पनि विश्वास गरेको देखिन्छ । त्यसको कारणले गर्दा धेरैजसो कामहरु मलाई नै सुम्पिदिएका छन् साथमा अरु समयको लागी पनि निमन्त्रण दिएर भीसा राखीदियो । त्यसैले भनिन्छ धम्मो हवे रक्खिति धम्मचारी अर्थात् जसले धर्मको पालन गर्दछ धर्मले उनीहरुलाई रक्षा गर्ने गर्दछ ।

अरु धर्महरु वा देशका मानिसहरुले गाली गर्ने वा हानी गर्ने कार्यलाई हामी केही भन्न सक्दैनौ अर्काको कुकुरले काटेमा उसलाई पिट्न वा मार्ने तिर लाग्दछ । धेरै रिसाउने गर्दछ तर यो क्रोध हाम्रो मनको बाहिरबाट आएको क्रोध हो । यसबाट धेरै समयको लागी दुखाउने गर्दैन तर आफ्नै घरको कुकुरले काट्यो भने धेरै दुख्ने र धेरै समयको लागी नै पुग्ने गर्दछ ।

केही हप्ता पहिले एकजना मोहन नामक बौद्धको मृत्यु भएको थियो । धेरै नै जान्ने र बुझ्ने साथमा काम पनि गर्ने तर अफसोजको कुरा भिक्षुहरु भनेपछि आाखाको नानीमा लागेको धुलो झै अनुभव गर्दथ्यो । कहिलेपनि भिक्षुहरुलाई मान र सत्कार दिने भनेको नै छैन । भिक्षुहरु भनेका त खाली पूजा पाठ र आशीर्वाद दिनको लागी मात्र हो अरु केही गर्दैन र गर्नुहुदैन । यस्तो विचारधाराका ब्यक्तिको मृत्यु भएको थियो । उसको मृत्युपछि जलाउनको लागी चिहानमा राखेर अन्तिम क्रिया गरेका थिए । त्यहाँ म पनि गएको थिएँ । मलाई थाहा नै थिएन की मलाई पनि बोल्न दिन्छ भनेर, म ठूलो भन्तेलाई यो कार्यमा सहयोग गर्दैथिए । मोहनको बौद्ध समाजका अध्यक्ष आएर “भन्ते जी आप हिन्दीमे कुच बोलिय् ।” भनेर भन्न आयो । यसो चारैतिर हेरेर हुन्छ भनी बोल्नको लागी माईकमा गएँ । म बोल्नको लागी माईकमा उभिसकेपछि चारैतिर नजर गर्दा सबैको अनुहार अँध्यारो, निन्याउरो र दुखी देखिन्थ्यो । त्यसैले सर्बप्रथम सबैलाई सम्बोधन गरेर एकआपसमा बसेकाहरु मानिसहरुको हात समाएर आँखा बन्द गरी मृतकको लागी मैत्रीभावना गर्न लगाएए साथमा मृत्युलाई साक्षात्कार गर्नको लागी सत्यतालाई भन्नलागाएँ । त्यसपछि बुद्धधर्मानुसार मृत्यु र यसलाई बुझ्नुपर्ने कुराहरुलाई प्रकास पारेका थिए । सारा कार्यहरु सकेर म विहारमा फर्केको थिएँ । फर्केर आउँदा धेरैको फोन र समाचार फोनमा रेकर्ड भएको देखें । त्यसमध्येमा एउटा रेकर्डमा मेरो मन अड्क्यो । त्यो रेकर्ड कस्तो थियो भने जब तपाई फर्कनु हुन्छ जति सक्यो छिटो मलाई सम्पर्क गर्नुहोला । म संग तपाईको धर्मदेशनाको विषयमा कुरा गर्नु छ ।

यो समाचार पाउने वितिक्कै मैले त्यो ब्यक्तिलाई दूरशब्द (-फोन) लगाएँ । उसको पहिले प्रश्ने मलाई शब्दहीन बनायो । उसको प्रश्न थियो “तपाईंले आजको देशनामा के आत्माको विषयमा भन्नु भएको थियो ?”



Downloaded from http://www.dhamma.digital

उहाँको त्यो प्रश्नले मेरा कानहरु थाडो भएर आएका थिए । उसको प्रश्नलाई बुझ्न सकेको थिएन । त्यसैले मैले फेरी भन्नको लागी आग्रह गरें । उसले पहिलेको प्रश्नलाई नै दोहरायो । ऊ त्यस दाससंस्कार स्थानमा आएको पनि रहेनछ । तर देशना सुन्नेहरुले उहाँलाई आएर यो प्रश्न सोधेका रहेछन् । प्रश्न सोध्नेहरुलाई मैले चिनेको पनि छैन । उहाँसंग मेरो घनिष्ट सम्बन्ध भएकोले उनीहरु आएर उहाँलाई सोध्न आएका रहेछन् । उहाँले आत्माको विषयमा भन्नुभएको हो र भन्ने प्रश्नको साथमा ´मेरो देशनाको विषयमा सम्झन मलाइ बाध्य बनायो । मैले कुनबेला यो शब्दलाई प्रयोग गरें याद गर्न नै सकिन, मेरा मन धुक धुक गरेर बज्न थालिसकेका थिए । उहाँको प्रश्नको उत्तर एकैचोटि नदिई म मेरो मनलाई नै पहिला हेर्नेतिर लागेको थिए । साथमा उहाँको कुरालाई अलिक लम्व्याउनको लागी कार्यक्रम कस्तो भयो र कतिबजे सम्म संचालन भएको भन्ने तिर बंग्याईदिएको थिए । चिहानबाट फर्केर विहारमा दिउँसो गरेको देशनामा त मैले जानी जानी नै मृतकलाई सुखावतीको लाभ होस र त्यहाँबाट पनि उच्चको पद निर्वाण छिट्टै नै प्राप्त गर्न सकोस् भनेर भनेको थिएँ । तर मैले यो आत्मालाई पनि प्रयोग गरेको याद नै भएन । सुखावती वा स्वर्गको विषयमा उनीहरु विश्वास नराख्ने र कर्ममा विश्वास नगर्ने भएकोले नै मैले यो शब्दलाई होसियार पूर्वक प्रयोग गरेको थिए । त्यसैले मैले यो शब्दको प्रयोगको विषयमा उनीहरुले मान्ने अम्बेडकरद्धारा लिखित बुद्ध र उहाँको धर्म भन्ने पुस्तकमा पनि यो बयान छ भनेर भनेको थिएँ । तर उनीहरुले मैले प्रयोग गरेका शब्द आत्माको नै पछि परेको देखें । मैले कहिले भने, कुन स्थिती र के को सम्बन्धमा मैले यो प्रयोग गरें सम्झन नै सकेन । मैले उनीहरुको किन प्रयोग गर्नुभएको प्रश्नको उत्तरमा चुप भएर बसेको थिएँ । मेरो त्यो शान्ततामा उनीहरुले धेरै नै चर्चा र नकारात्मक लिन थालिसकेका थिए । उनीहरुले मलाई भारतको RSS समाजको शाखा खोलेको भन्ने पनि आरोपहरु आउन थाल्यो । मलाई धेरै नै नराम्रो र नरमाईलो लागेका थियो । यो समाज  के हो कहाँबाट शुरु भयो केही थाहा थिएन । जहाँ गएपनि उनीहरुको समूहका मानिसहरुले यो राससको नै सदस्य भनेर लिन थालेका थिए । त्यसैले मैले यो राससको अर्थ के हो भनेर सोध्दा राष्ट्रिय स्वयं सेवक भनेर थाहा पाएँ । साथमा यो राससंसग आत्माको के सम्बन्ध छ भनेर सोधेको उत्तरमा यो एक हिन्दू धर्मको संस्था रहेछ । यसका सदस्यहरुले पनि आत्माको विषयमा विश्वास गर्ने, कर्म र विपाक, जन्म र पुर्नजन्मको विषयमा पनि विश्वास गर्ने मानिसहरु रहेछन् । त्यसैले मैले आत्माको शब्द प्रयोग गरेको हुँनाले यो समाजको सदस्यता उनीहरुले दिएका रहेछन् । जब यो कुरालाई थाहा पाएँ । पहिले नरमाईलो लागे पनि पछि त राम्रो नै महशुस गरे । उनीहरुमा यहाँका यी समूहमा भन्दा केही मात्रामा भएपनि सम्येक दृष्टि रहेछन् । यसरी नै एक हप्ता वितेको थियो । भाग्यवस यो दिनको मेरो देशनाको अन्तिम भागलाई एकजनाले उसको फोनमा रेकर्ड गरेका रहेछन् । त्यो मलाई



Downloaded from http://www.dhamma.digital

पठायो । मैले त्यसमा हेर्दा मात्र थाहा पाएँ की मैले आत्मा शब्द कहाँ र कहिले प्रयोग गरें । मैले देशनालाई यसरी अन्त गरेका रहेछु ।

मृतकको चिरआत्मालाई शान्ति मिलोस्, उहााको आत्माले सुखावती भवनमा
बास हुन पावस् र त्यहाँबाट पनि छिट्टै पार भएर दुःखमुक्ति निर्वाण लाभ होस् ।

मलाई के थाहा की यो सानो कुराले पनि यति ठूलो घट्नामा परिवर्तन गर्न सक्छ भनेर । तर जव मलाई आफुले भनेका कुराको ज्ञान भयो तब उनीहरुलाई उत्तर दिनुभन्दा पनि उनीहरुको मूर्खतामा हाँसो आयो र करुणा जाग्यो । उनीहरुले बुद्ध धर्मलाई पाएको ५० साल यो २००६ मा भएको छ र अझ पनि उनीहरुको आँखा उघारेका रहेनछ । उनीहरु हिन्दू धर्मबाट दिक्क भएर बुद्ध धर्ममा परिवर्तन भएका थिए । उनीहरु बुद्धधर्ममा परिवर्तन भएतापनि बाहिरबाट मात्र नै भएका रहेछन् । भित्रैबाट भएका रहेनछन् भनेर थाहा पाएँ । त्यसैले उनीहरुलाई अब कसरी यी कुराहरुमा विश्वास दिलाएर, उनीहरुको दैनिक जीवनमा नै बौद्धतालाई उतार्न लगाउने भन्ने कुरामा विचार गर्न योग्य भएको देखिन्छ । यो परिस्थिती यहाँको मात्र नभई हाम्रा आफन्त भनाउँदाहरुको (-बौद्धहरु) पनि रहेको देखिन्छ । तर पनि हाम्रा आफन्तहरु उनीहरु भन्दा अलिक माथी भनौ भने बुद्ध धर्मको ज्ञान भएको देखिदैन । तल भनौं भने दैनिक जीवनमा केही मात्रामा भएपनि उतारेका देखिन्छ । त्यसैले यसको विषयमा हाम्रो समाजमा पनि यस्ता विकृतीहरु भएको देखिन्छ । त्यसैले होला भगवान बुद्धले भिक्षुहरुलाई बढि महत्व दिएको ता की मिथ्या दृष्टिमा लागेकाहरु माथि मैत्री र करुणा राखेर उनीहरुलाई सम्येक दृष्टि र व्यायाममा लगाउने प्रयास गरोस् । अर्कोकुरा परियत्ति वा खाली किताबहरु मात्र पढेर आएको ज्ञानले केही गर्न सक्दैन । त्यसलाई दैनिक जीवनमा पनि उतारेर काम गर्नु पर्दछ भनेर भावनामय प्रज्ञालाई नै भगवान बुद्धले जोड दिनु भएको रहेछ । साधु साधु... उहाँको धर्म त साँच्चै नै अकालिको रहेछ ।

## बेलायतमा मृत्यु र बौद्ध संस्कृति

यसपालि म यहाँ आएको एक हप्ता नहुँदैमा यो संस्थाका एक महत्वपूर्ण सदस्यका पत्निको मृत्यु भएको थियो । उसको मरण काजकृया गर्ने र त्यसको लागी आवश्यक सामाग्रीहरुको जोरजाम मैले गर्नु पर्ने भयो । तपाईंलाई थाहा नै छ थाईलैण्डमा म सानो र विदेशी भएर आरामले राजकुमार जस्तो भएर बसेको थिए । आज आएर सबै कार्यहरुको तयारी गर्नुपर्दा कस्तो भयो होला ? थाईलैण्डमा नै भए सायद



Downloaded from http://www.dhamma.digital

केही त गर्न सक्ने आँत त थियो होला तर यो अनजान र विकसित देशमा यो कार्यलाई धार्मिक रुपमा गर्नु पर्ने भए पछि त धेरै नै कथिन भयो । तर पनि आफुले जानेको र सकेको गर्ने निधो गरेर डराई डराई सामाग्री र अरु कार्यहरुको तयारी गरें । त्यस्तैमा श्रीलंकाका एक भन्तेलाई मेरो कथिनतालाई बताएँ । भाग्यवस् उहाँले पनि त्यो उपासकलाई चिनेका रहेछन् । त्यसैले मलाई अलिक हलुको भयो । सबै तयारीहरु भएको मैले महशुस गरें र म निर्धुक्क भएर बसे ।

विहानको ९ वजे लास आउनेछ भन्ने खबर पाएको थिएँ । त्यसैले म र अरु तीन भन्तेहरु सहित उसको घरमा ९ बज्नु भन्दा पहिले नै पुगेका थियौं । लास पुगेको थिएन । हामीहरु पुग्ने वित्तिक्कै मर्नेको छोरो आएर कसरी गर्ने र के गर्ने विषयमा छलफल गर्न आए । केही छिनको छलफल पश्चात् बौद्ध धर्मानुसार धार्मिक विधि गर्नको लागी ५ मिनेट दिईयो । तब सम्म पनि मलाई थाहा थिएन की यो विधि कहाँ गर्ने हो ? म पर्खेर चारैतिर नजर लगाउदै बस्न थाले ।

नभन्दै ९ बजेको थियो चार काला घोडाहरुको रथमा राखेर लास आयो । सजिसजाउ गरिएको त्यो कालो रथ थियो । चारै घोडाहरु धेरै नै हृस्तपुष्त थियो । लासलाई बोक्नेहरुले पनि कालो रंगको नै लुगाहरु लगाएका थिए । लासलाई धेरै नै सम्मानसाथ घरभित्र लगेर राख्यो । केही छिन पछि सर्वप्रथम महिलाहरुलाई लासको दर्शनार्थ भित्र पठायो । पूरा घरमा नै रुवाईले थर्कन लाग्यो । म र अर्को भन्तेहरुसंग घर भित्र पस्यौं । लासको अगाडी बसेर परित्राण पाठ गर्न थाल्यौं । लासलाई राखेर ल्याएको बाकसलाई खोलेर राखेको थियो । बाकस सेटो कपडाले सजाएको थियो । मरेको मान्छेको अनुहारलाई सजाएर राखिएको थियो । लासको खुट्टातिर एकातिर बक्सको बाहिर पानीमा रंगीविरंगी फुलहरु सानोसानो गरेर राखेका थिए । साथमा एउटा भाडोमा सुपारी, काजू आदि राखिएको थियो । लासको दर्शनार्थ आउनेले अलिक पानी र काजूसुपारी लिएर लासको माथि राख्दा रहेछन् । लासको टाउकोतिर उसका परिवारहरु बसेका थिए । परित्राण पाठको समयमा दर्शनको लागी आएकाहरुको रुवाईलाई देखेर कहिले आफैलाई रुन पनि आउन थालेको थियो । साथमा कहिले अर्काको त्यो लासको अगाडी आएर रोएको रुवाईलाई देखेर मनमा हाँसो पनि आउन थाल्यो । तर के गर्ने न त हाँस्न सकिन्छ न त रुन नै परित्राण गर्दै रहे ।

सबैजनाले दर्शन गरिसकेपछि लासलाई जलाउनको लागी मसानघाटको लागी तयारी भयो । सबैजना आफ्ना आफ्ना गाडीमा बस्न गए । लासलाई काला काला चार घोडाहरुको रथमा नै राखियो र लासलाई अगाडी अगाडी विस्तारै बगायो । रथको साथ साथमा सबै गाडीहरु मसानघाटतिर लाग्यो । करीव आधा किलोमिटर जतिको गाडीको लाईन लागेका थियो । लासको पछि पछि सबै कारहरु लाग्दैथिए । बाटाहरुमा पनि जति सुकै गाडीहरु भएपछि, रातो बत्ति लागे पनि लास लैजानको  लागी बाटो दिने रहेछ । लास



Downloaded from http://www.dhamma.digital

लानेहरुको लागी छुट छ रे भन्ने सुने । मसानघाट अलिक ताधा नै रहेछ । मसानघाटमा पुगेपछि सबैजना हलमा जम्मा भए । यहाँको मसानघाट त धेरै नै अलौकित थियो, धेरै नै सजीसजाव थियो । लासलाई राख्ने एक उचित स्थान बनाएका थियो । त्यसको अगाडी ५०। ६० जना बस्नको लागी मेचहरु राखेका थिए । लासलाई उचित स्थानमा राख्ने वित्तिक्कै दुखद गीत बजायो । पुरा बैठक कोठा नै रुवाईका सुक सुक गरी रोएका स्वरहरु सुनिन थाल्यो । सबैजना गीत संगै रुन थालेका थिए । मलाई पनि अलिक त रुन नै आयो तर के गर्ने आफू त सबै भन्दा अगाडी बसेको छु त्यसैले रुवाईलाई रुन मन लाग्यो रुन मन लाग्यो भन्दै आफ्नो चित्तलाई सम्हालें । के गर्ने आजकाल त भिक्षु भएपछि रुन पनि मनाही भएको जस्तो लाग्यो । थाईलैण्डमा र नेपालमा भिक्षु भएपछि भोट पनि राख्न पाउादैन् । केटो पनि होइन् केटी पनि होइन र नपुंसक हुनुपर्ने त्यो पनि बन्न नपाउने भिक्षुहरुको अवस्था छ । यहाा आएपछि त रुनलाई पनि नदिने जस्तो पो भयो । के गर्ने आफ्नो त कर्मै उस्तो... कर्म उस्तो होइन बुद्धि उस्तो भन न लाट्टा भनेझै भयो ।

यो गीत पछि भिक्षुहरुलाई अनिच्चा वत संखार भनेर पाठ गर्न लगायो । चीवर दान दिईयो र साथमा एक जना भन्तेबाट धर्मदेशना पनि सुनियो । त्यसपछि मर्नेका छोरो अगाडी आएर मेरेकी आमाको गुणगाण गर्न थाल्यो र साथमा आमाको इच्छा र आकांक्षाहरुलाई बताउन थाल्यो । आमाको मन पनि कस्तो होला ? धेरै समय देखि सुतेर मात्र बस्नु पर्ने भएको समयमा पनि आफ्ना छोरा छोरीहरुको माया र ममता हुादा रहेछन् । उनी मरेर गएपछि के के गर्नु कसरी कसलाई व्यबहार गर्नु भनेर पहिले नै भनेकी रहेछिन् । त्यहि कुराहरुलाई सुनाएपछि सारा बैठककोठा पुनः एकबार रुवाईका स्वरले गुन्जायमान भयो । केही छिनको उनको गुणगाण पछि छोराको ईशारामा लासलाई भित्र पठायो र जलाउनको लागी पर्दा खस्यो । उसको यो संसारको यात्रा यो पर्दा संगै समाप्त भयो । यो नै मेरो पहिलो अनुभव हो ।

यहाँ विचारणीय कुराहरु के छन् भने उनीहरुले हामीहरुलाई त बोलायो तर बुद्धधर्मानुसार गर्नुपर्ने कुराहरु केही पनि गरेनन् । पाँच शीलको पनि प्रार्थना गरेनन् र बुद्ध धर्मानुसार गर्नु पर्ने पुण्यानुमोदन पनि गरेनन् । जब हामीले यी कुराहरुलाई सम्झाएँ त भन्न थाले बच्चाहरु जसरी चाहन्छन् त्यसरी नै मैले गरें । यसबाट के सम्झाउछ भने आफुलाई बौद्ध भनेर जतिसुकै भनेपनि दिलले त बौद्ध बनेका रहेनछन् । यो कुरा आएपछि अर्को कुरालाई पनि यहाा लेखिहालौ । भिक्षुहरुलाई बोलाए पनि गर्नुपर्ने जुन व्यबहार हो त्यो पनि पाएका थिएनौं । हामीहरु दिनमा बारबजे पछि खाादैन भनेर जाादा जाादै पनि यसको व्यवस्था गरिदिएका थिएन । हुनत यी कुराहरु यहाा गर्न नहुने हो किनकी यो दुखदका क्षणहरु हुन तर बौद्ध भएपछि जुन महत्वपूर्ण कार्यहरु छन् त्यसलाई नै गरेनन् भने के हामीले उसलाई बौद्ध भनेर भन्न सक्दछौ र ? पााच शील लिनु र भिक्षुहरुलाई बस्ने उचित स्थान आदि त तयार गरी राख्नु पर्दछ । शील पनि प्रार्थना



Downloaded from http://www.dhamma.digital

गरेनन्, भिक्षुहरुको लागी बस्ने स्थान पनि राखेनन् । चारौं भिक्षुहरु उठेर नै बसे साथमा त्यही स्थानमा बसेर अरु धार्मिक कार्यहरु गरे । जे होस्, यो कार्यलाई समाप्त गरेर आँए । त्यो दिन भोकै नै बस्नु पर्यो । यो त भयो हाम्रा बौद्धहरुको कार्य । यो यहाँका भारतबाट बसाई सरेर आएका बौद्धहरुको कुरा वा घट्ना मात्र नभई हाम्रा आफ्न्त भनाउँदा छिमेकी दाजुभाईहरुपनि यस्तै प्रकारका हुन् । भिक्षुहरुको अगाडी आफुलाई बौद्ध भनेर भन्ने गर्दछन् र विभिन्न बौद्ध कार्यहरु गर्ने सपनामा दुब्ने गरिन्छन् तर यो भएको देखिदैन् । यदि यसरी नै चलिराख्ने हो भने बौद्ध भनेर जति ढोल ठोकेपनि कामका छैनन् । मैले यो कुरालाई मनमा राखेर उनीहरुलाई अझ यसको विषयमा पनि सिकाउनु पर्ने महसुस गरें । भिक्षु भएर गर्नु पर्ने अर्को एक कार्य बृद्धि भयो । त्यसैले विहारमा आउने वित्तिक्कै बौद्ध विधी अनुसार मरण पछि गर्नु पर्ने विधीको विषयमा विचार गरें र लेख्ने विचार गरें । तर के गर्ने आफू त यो देशमा नयाँ नयाँ आएको, यहाँको केही प्रथालाई थाहा पाएका नै छैनौं भनेर मनलाई सम्झाएँ । यदि लेख्ने नै विचार छ भने पछि केही समय पछि लेख्ने विचारले रोकिदिएँ ।

तर के गर्ने मेरो भाग्य भनौं तर मर्नेहरुको लागी अभाग्य छ । यो महिनामा खाली मर्नेहरुको विषयमा नै सुन्नु पर्यो र यो कार्यहरुमा सामेल हुनु पर्यो । मसानघाटमा भएको अबौद्धतालाई देखेर यो बौद्ध विधीलाई लेख्ने विचारमा थिएँ । यो विचार गरीरहेको एक हप्ता नै नवित्दैमा बौद्ध विधी अनुसार मृत्यु विधीलाई हेर्ने मौका पाएँ । यो विधीमा मैले पूर्ण बौद्धता अनुसार नै भएको पाएँ । कति सरल र सुन्दर विधी थियो त्यो, सम्झँदा नै मनलाई आराम हुँदा रहेछन् । लास मसानघाटमा पुग्यो । बैठक कोठामा लासलाई लग्नु भन्दा पहिले उपस्थित सबैलाई कक्षमा सामेल हुनको लागी आग्रह गरियो । कक्षमा मन्च थियो । मन्चमा भिक्षुहरुको लागी बस्ने स्थान एकातिर थियो र अर्को पट्टि लास राख्ने स्थान थियो । बीचमा एउटा टेबुललाई सेटो कपडाले सजाएको थियो र साथमा केही फुलहरुले पनि सजाईएका थिए । टेबुलमा पुण्यानुमोदनको लागी पानी राखिएको थियो । सबैलाई बस्नको लागी मेचहरु तयार थिए र सबै मेचहरुमा शील प्रार्थनाका एक पन्ना कागज थियो । सबै जना कक्षमा उपस्थित भएपछि लासलाई चारजनाको काँडमा राखेर बडो सम्मानका साथ कक्ष भित्र ल्याईयो साथै साथमा दुखद गीत मधुर स्वरमा गुनगुन बज्दैथियो । लास कक्ष भित्र आउने वित्तिक्कै कक्षमा उपस्थित सबैजना उठेर स्वागत गरे । गीतको त्यो मधुर स्वरको अन्त संगै लासलाई उचित स्थानमा राखेपछि लासलाई बोकेर ल्याउनेहरुले लासलाई अन्तिम अभिवादन गरेर फर्क्यो । लास कक्षमा राखेर गएपछि उपस्थित भिक्षु मध्येमा जेठोले सबैलाई सम्बोधन गर्दै स्वागत गर्नुभयो । साथमा शील आराधनाको लागी कागज लिनको लागी पनि सम्बोधन गर्नुभयो । सबैले शील धारण गरेपछि उहाा भिक्षुले मरेर जानुभएकाको गुण र कार्यहरुको विषयमा छोटो बर्णन गर्नुभयो । त्यसपछि



Downloaded from http://www.dhamma.digital

उहाँका परिवारका एक सदस्य आएर उहाँको जीवनको विषयमा बयान गर्नुभयो । यो बर्णन पश्चात् छोटो बुद्धधर्मानुसार मरणको विषयमा एक भिक्षुबाट देशना भयो । उहाँले देशना गर्नुभएको समयमा भन्नुभएको एक वाक्यले मेरो मनलाई छोयो । हाम्रो जीवन भनेको घाँसको पातमा रहेको पानी जस्तै हो । कहिले खस्छ थाहा छैन । त्यसैले यो क्षणलाई बुझ्रेर कुशल कार्यहरु गर्नु र यो जीवन मरण देखि नै छुटकारा पाउने कोशिस गर्नु पर्दछ । यति मात्र नभई उहाँले देशनामा अर्को पनि धेरै नै राम्रो उदाहरण दिनु भएका थिए । उहाँले भन्नुभएको थियो जब हामी यहाँ जन्म लिने गर्दछौ साथमा फर्कने टिकट पनि लिएर आएका हुन्छौ तर कहाँ फर्केर जाने हाम्रो हातमा भएको कुरालाई प्रश्त्याउनु भयो ।

यो देशनाको अन्त पश्चात् लासमाथि सेटो कपडा राखियो र भिक्षुहरुलाई निमन्त्रण गरेर पांसुकुल चीवर दान गरियो । दान पश्चात् पुण्यानुमोदनको लागी आफन्तहरुलाई मन्चमा बोलाईयो । परिवारका केही सदस्यहरु मन्चमा आएर त्यो टेबुलमा राखिएको पानीलाई जलधार गरी पुण्यानुमोदन गर्यो र साथमा सबैले अनुमोदन गरे । भिक्षुसंगले पनि पाठ गरी पुण्यानुमोदन गरी आशिर्वाद दिनुभयो । आशिर्वादको साथमा नै प्रमुख भिक्षुले लासको स्विचलाई दबाउनु भयो र लास भित्र गयो । उसको यो संसारको यात्रा सफल भयो पूर्ण भयो । सुक सुक रुवाईका आवाजहरु आउन थाल्यो, लास भित्र गइसकेपछि सबैजना बाहिर आएर धुवाँलाई हेर्न थाल्यो र परिवारका सदस्यहरुलाई सान्त्वनाहरु दिन थाले । केही बेरपछि सबैजना आफ्ना आफ्ना घरमा फर्केर गए । साँझ भएपछि परिवार सहित इष्टमित्र आफन्त अरु सदस्यहरु विहारमा सम्मिलित भए । विहारमा मरणको नाममा पुनः एकपटक देशना र उहाँको नाममा पुण्य गर्न आए साथमा सबैले मृतक परिवारलाई सान्त्वना दिन थाले । यसरी मृतकको नाममा गरिएको यो बौद्धिक धार्मिक विधीले मृतकलाई मात्र फाईदा भएको नभई यो दिनमा उपस्थित भएका सबैलाई पनि फाईदा भएको देखिन्छ । त्यसैले यो नै मेरो विचारमा राम्रो लाग्यो र फेरी मृत्युविधी नामक मेरो पुस्तकका पन्नाहरु लेख्न नै नपर्ने गरी बन्द गरीदिएँ । त्यस दिनको कार्यक्रममा सबैलाई वितरण गरिएको पर्चाको केही प्रमुख बुँदाहरुलाई यहाँ पनि प्रश्तुत गर्दैछु ता की तपाईलाई यसको विषयमा अझ राम्रो ज्ञान मिलोस् ।



Downloaded from http://www.dhamma.digital

# Pansukula-Programme

Saturday, 9 September 2006-10-02

Funeral Service conducted by the Venerable Bhikkhus of

Peace to all beings, we are met here today to bear witness to our affection and respect for one no longer with us.

1. Obesrvance of Five Precepts (all stand for five precepts)
2. Mataka Vattha Puja (With-cloth offering on behalf of the deceased)
   (All) Imam mataka vattham bhikkhu sanghassa dema (3times). 'We make these offerings to the Maha Sangha Venerable monks'

   (Monks) Anicca vata sankhara — All that arises, O how unlasting,
   Uppada vaya dhammino — Increase and swift decay, such is life.
   Uppajjitva nirujjhanti — All that has arisen, all that must pass away
   Tesam vupassamo sukho — No more to rise or fall, that peace (nibbana) is best'
3. Sharing of Merits 'Idam me natinam hotu –sukhita hontu natayo (3times)
   'May these meritorious deeds be transferred to my departed relatives and may they become happy.'
4. A Reflection on the Dhamma
5. Tribute
6. Vote of Thanks
7. Please recite together with the monks

| | |
|---|---|
| Sabbe sankhara anicca'ti-yada pannaya passati | Transient are all conditioned things' when this, with wisdom, one discerns, then is one |
| Atha nibbindati dukkhe esa maggo visuddhiya | disgusted with ill; this is the path to purity |
| Sabbe sankhara dukkha'ti -yada pannaya passati | "Sorrowful are all conditioned things". When thi, with wisdom, one discern, then is one |



Downloaded from http://www.dhamma.digital

| | |
|---|---|
| Atha nibbindati dukkhe esa maggo visuddhiya | disgusted with ill; this is the path to purity. |
| Sabbe sankhara anatta'ti-yada pannaya passati | "All Dhammas are without a soul". When this with wisdom, one discerns, then is one |
| Atha nibbindati dukkhe esa maggo visuddhiya | disgusted with ill; this is the path to purity. |

भनिन्छ, यहाँ मरेपछि पनि धेरै समयसम्म जलाउनको लागी पनि पर्खनु पर्दछ । जलाउने स्थानहरु थोरे छन् तर मर्नेहरु धेरै त्यसैले मर्ने वित्तिक्कै काजकृयाको लागी अलग्ग कार्यालयहरु हुँदारहेछन् । आफ्नो धर्मानुसारको सल्लाह दिनेहरु पनि छन् । तर जलाउनको लागी भने अलग्ग स्थान भएको हुन्छ जसको लागी पर्खनु पर्दछ । भनिन्छ, जीवित समयमा भन्दा पनि मरण पछि धेरै गारो छ भनेको त्यसैले नै होला । त्यसैले नै होला कसै कसैले जिवित समयमा नै मरणको लागी ठाँउ किनेर राख्ने गर्दछन् । जुन स्थानको रकम नेपालमा भए एक राम्रो विलासी घर पनि बनाउनलाई पुग्छ । त्यति मात्र हो र मृत्युकृया गर्नको लागी पनि धेरै महंगो छ । तर लासलाई धेरै नै सम्मान पूर्वक व्यबहार गरेर जलाउने गरिन्छ । मृत्यु पहिले नै जग्गा किनेर राख्नेहरुको लागी मरण पछिको कुनै चिन्ता नै हुदैन । मरणको लागी सधैं तयार भएको हुन्छ किनकी उसलाई ठाँउ वा पैसाको कुनै जरुरी छैन् । सबै उसले पहिला नै तयार गरी सकेको हुन्छ । यसरी ठाँउलाई किनेर राख्ने जसरी मृत्यु देखि दुःख मुक्त हुन्छ डराउदैन यो कुरालाई हामी बुद्ध धर्मसंग मरणानुस्मृति संग मिलाउन सकिन्छ । जसले दिनहुँ मरणानस्मृति गर्दछ । आफुले गर्नुपर्ने सबै कार्य गरिसकेको हुन्छ उनीहरु मरणदेखि डराउँदैन । मृत्यु हुनबाट चिन्तित हुँदैन । ऊ यो जीवनमा हाँसी खुसी विताउने हुन्छ । सुखी हुन्छ खुसी हुन्छ । त्यसैले नै भगवान बुद्धले मरणलाई बुझ्नको लागी यो कम्मट्ठान दिनु भएको हो । यहाँ युरोपमा मरण पछिको लागी ठाँउ किनेर राखेपछि मनमा शान्त हुने मृत्यु देखि नडराउने कारण नै त्यसको तयार गरिसकेकोले हो । तर त्यो तयारी खाली यो जन्मको लागी भयो । फेरी जन्म लिएर आउनु नै पर्दछ । के थाहा ? अर्को जन्ममा पनि यसरी नै ठाँउ किन्न सक्ने हो की होइन ? तर भगवान बुद्धको धर्ममा उहाँले यो जन्ममा मात्र निडर बनाउने धर्मलाई मात्र सिकाउनु भएको नभई यो जन्म जन्मान्तरको भवसागर देखि नै नडराई यो जन्म मरणको सागरलाई नै काटेर सुखी र खुसी हुने मार्गलाई देखाउनु भएको छ । त्यसैले अब प्रश्न उठ्छ की खाली यो जन्मको लागी मात्र तयार गर्ने की पुरा जन्मजन्मान्तरको लागी नै तयार गर्ने ? यसको उत्तर चाहीं म तपाईको हातमा छोडी दिन्छु किनकी



Downloaded from http://www.dhamma.digital

मलाई पनि थाहा छैन कुनचाहिंको पक्षमा जाऊँ । आफू त यो जन्मको लागी पनि तयार गरेको छैन् । खोई तयार पनि हुने पनि हो की होइन ? यसो बसाईं सराईं र रवाई खवाईंले तयार पार्ला जस्तो देखिदैन मलाई । धेरै नभए पनि अलिक अलिक गर्दै तयार पनि गर्दैछु जस्तो लाग्दछ । त्यसैले भनिन्छ जसरी थोपा थोपाको पानीले गाग्री भर्छन् भन्छन् हेरौं कतिको समय लाग्छ । ए.. मेरो चाहिं नक्कल नगर्नु नि होइन भने त गुल्तिन्छ है गुल्तिन्छ .... मुसावाद भए जस्तो छ....नि क्या हो ।

## बेलायतमा नेपाली दाजुभाईको मृत्यु र बौद्ध संस्कृती

यी त भए हाम्रा छिमेकीहरुबाट गरिएका मरण पछिका कार्यहरु । अब यसो हाम्रा आफन्तहरुले के कस्ता गर्दा रहेछन् भन्नेतिर पनि यसो नजर लगाई हालौं न त । यति भन्दैमा आज सुजन भन्तेले के लेख्नु भएको के लेख्नु भएको भनेर निदाउन लागेका ती तपाईका नयनहरु निदाउन लागेमा पनि दरवारको अगाडीको ढोकालाई राजा आएपछि ठूलो स्वर गरेर खोलेको झै गर्नु भएको हेर्नुस् त ! अर्काको कुरा काटेर बस्नु भन्दा पनि आफन्तहरुको कुरा काटदा रमाईलो लाग्छ भन्छन् त्यसैले होला यस्तो भएको है ।

कुरा के थियो भने, ईण्लैण्डको लण्डन भन्ने शहरमा हाम्रा छिमेकीहरु पनि धेरै छन् । उहाँहरु पनि धेरै समयदेखि यहाँ नै बसोबास गरेर यसो नेपाली भन्दा पनि ब्रितिसे भईसक्नु भएकाहरु पनि धेरै छन् । उहाँहरुका बालबच्चाहरुमा धेरैले नेपाली नै बोल्न छोडीसकेका छन् । धेरै जसो लाहुरे भएर वा ब्रितिस आर्मीमा भर्ति भएर आउनु भएकाहरु नै धेरैछन् । उहाँहरुको स्थान यहाँ गुर्खाली भन्ने वित्तिक्कै धेरै नै उच्च छ । सबैले उहाँहरुको वीरतालाई कदर गरेका देखिन्छन् । हुनतः मेरो उहाँहरुसंग त्यति चिनजान छैन र म पनि धेरै टाढा नै बसेको छु । उहाँको सदस्यहरु मध्येमा एकजना राम्रो उपासकको मृत्यु भएको रहेछ । उहाँको मृत्यु पछि उहाँ र अरु दुईतीन जना सदस्य जो पहिले नै परलोक भईसकेका थिए उहाँहरुको नाममा शोक सभा राखेको रहेछ । उक्त शोक सभाको लागी म यहाँ देखि एक दिन पहिले नै गएको थिए । शोकसभा साँझ ६:३० शुरु हुने थियो साथमा त्यही दिन म बसेको विहारको तर्फबाट बैठकमा भाग लिनु पर्ने थियो । यो बैठक भारतका दलित र शोशितहरुको विषयमा थियो । विहान देखि उक्त बैठकमा भाग लिएर साँझ ४ बजेतिर म बैठकलाई छोडर शोकसभाको लागी गएको थिएँ । हुनतः विहारबाट जानु भन्दा पहिले नै शोकसभाको लागी देशना तयार गरेर गएको थिएँ तर बैठकमा गरिएका छलफल र बार्तालाव संगै सबै तयारीहरु भुलिसकेको झै भईसकेको थियो । शोकसभा भएको स्थानमा पहिले त गएको थिएँ तर एकलै कहिल्यै गएको थिएन । त्यो दिनमा मलाई लिन आउँछु भन्ने उपासकको अर्कै ठाँउमा जरुरी काम पर्यो । त्यसैले म आफैलाई जानुपर्ने परिस्थिती थियो । जब मैले बैठकलाई छोडें शनिबार भएकोले रेल (-



Downloaded from http://www.dhamma.digital

आगगाडी) बन्द छ भन्ने खबर पाएँ । आगगाडी पनि मलाई जानुपर्ने नै बाटोमा बनाएको रहेछ । म त कसरी जाने कसरी जाने भयो । बैठक भएको विहारलाई छोड्नु भन्दा पहिले नै यो खबर पाएकोले राम्रै भयो । विहार छोडीसकेपछि खबर पाएको भए धेरै नै अप्ठ्यारो हुने थियो । त्यस विहारको एक जना केटोलाई अरुकुनै बाटोको विषयमा सोधपुछ गरेर उसले भनेको बाटोमा गएँ । उसले भनेको बाटोबाट गएमा पनि तीनवटा बसलाई फेर्नुपर्ने थियो । तर पनि केटो मान्छे भएकोले साहस गरेर गएँ । त्यो केटोले इन्टरनेटबाट छापागरेर दिएको नक्साको साथमा पहिलो बसमा बसेर पार गरी दोश्रोमा बसें । दोश्रो बसलाई पनि पार गरें । तेश्रो बसमा बसेर जाँदै गर्दामा फेरी अगाडी बाटो बिग्रेको छ यहाँबाट अगाडी जान सक्दैन भन्ने खबर आयो । अब त बर्बाद भयो, शोकसभामा समयमा नै पुग्न सक्दैन भनेर एकातिर पीर थियो भने अर्कोतिर लण्डनमा हराउने नै भयो की भन्ने डर पनि भयो । फेरी भोलिको पत्रिकाका सुजनभन्ते लण्डनमा हरायो भनेर पहिलो पन्नामै आउने भयो भन्ने डर भएको थियो ।

कहिले काही अलिक लाटो लाटो पनि हुनु पर्दछ भनेर भन्ने गरिन्छ । हुनतः म लण्डनको लागी लाटो नै थिएँ र अहिले पनि छु । त्यसैले मैले बाठो भएर लण्डनको सहरमा हराउनु भन्दा लाटो भएर कसैलाई सोध्नु नै बेस होला भनेर सोचे । यसो बस भित्र हेरेको त सबै जना गईसकेका रहेछन् । म दुईतले बसको माथी चारैतिर हेरेर जाने विचारले सबै भन्दा अगाडी बसेको थिएँ । पछाडी कोही थिएन् मेरो नजिकको मेचमा एकजना केटीमात्र थिइन् । डराई डराई त्यो च्वाँक केटीलाई Excuse me के भयो ? किन यो बस रोक्न लागेको भनेर सोधे । उनीले पनि मुसुक्क हाँसेर मेरो लाटोपनलाई बुझेर जवाफमा अगाडी बाटो बनाउँदैछ अब फेरी अर्को बाटोबाट जाँदैछ भनेर जवाफ दियो । यही मौका हो भनेर उनीलाई तिमी कहाँ जान्छौ भनेर सोधे, उसको जवाफमा म जाने स्थानको नजिक नै भएको संकेट दियो । अब मलाई के चाहियो र । एक तर्फ म धुक्क भए की अब त यो लण्डनमा हराउने छैन । उनी संगै गएमा पक्कै पनि मलाई जानुपर्ने स्थानमा पुगिन्छ भनेर जानिसके पछि संगसंगै जानको लागी कुराकानीलाई अगाडी बढाउने कोशिस गरें । कुराकानीको साथमा अरु अरु कुराहरु पनि गरियो साथमा एकआपसमा राम्रो परिचय पनि भयो । मेरो लाटोपनलाई बुझेर उनीले मलाई मेरो स्थान सम्म नै पुर्याइदिनेछु भनेर भनिन् । साँच्चै उनीले मलाई शोकसभा हुने विहारको नजिक पुग्ने वित्तिक्कै उनी मसंगै बसबाट ओर्लि र मलाई बाटो देखायो । पछि थाहा पाएँ उनी पनि कहिले काहि यो विहारमा घुम्न जाने रहेछिन् । उनी पोल्याण्डकी रहिछिन् र विहारको नजिकैको एउटा होटलमा रातमा काम गर्ने रहिछिन् । घरबाट अलिक पहिले आईपुगेमा यसै विहारमा गएर समयलाई मार्ने रहिछिन् । जे होस् यो शोकसभामा समयमा नै पुगियो ।



Downloaded from http://www.dhamma.digital

## नेपाली शोकसभा लण्डनमा

शोकसभामा एकजना पण्डित ज्यूलाई पनि देशनाको लागी निमन्त्रण दिईएको थियो । मैले तयार गरेर आएका धर्मदेशनाहरु सबै हराईसकेका थिए । मन धुक धुक गर्दै ढड्कन थालिसकेका थिए । मैले एकजना प्रमुख कार्यकर्तालाई कसलाई पहिले धर्मदेशना गर्नदिने भनेर गरेको प्रश्नमा उहाँ पण्डितलाई दिने भन्ने उत्तर पाएपछि अलिक मन हलुको भएको थियो । साँझको ६:४० तिर कार्यक्रम शुरुभयो । पण्डित ज्यूले हिन्दू धर्मानुसार मरणको विषयमा वर्णन गर्नलाग्नु भयो । मैले पनि उहाँले भन्नु भएको कुराहरुलाई लेख्न थालें साथमा मैले तयार गरेर आएको देशनालाई विचार गर्दै गएँ । उहाँले महाभारतको कृष्ण र अर्जुनको कुरालाई श्रीमदभगवत्गीताको किताबलाई पल्टाउँदै कथालाई प्रश्त्याउन लाग्नु भएका थिए । उहाँले यो गीताको विषयमा भन्नु भन्दा पहिले संक्रचार्यलाई बार बार नमस्कार गरेको र उहाँको दर्शनलाई नै बढि महत्व दिनुभएको देखिन्छ । उहाँले देशनामा संक्राचार्यको नाम शुरुशुरुमा बार बार लिएको कारणलाई जान्ने धेरै इच्छा भएको थियो । साथमा मैले के निष्कर्ष लिए भने कहीं यो गीता संक्राचार्य पछिको त होइन् । गीता र यसको विषयमा भएका चर्चाहरु त प्रशष्त नै पढिसकेका थियौं । विषेश गरेर गीता, गान्धी र अंबेदकर नामक पुस्तकमा त गीताका नराम्रा पक्षहरुलाई मात्र प्रस्तुत गरिएका छन् तर कहिल्यै पनि संक्राचार्यको नाम आएको थिएन् । त्यसैले यो सायद संक्राचार्य (सन् ८००) पछिको गीता त होइन ? भन्ने शंका आयो । यसको विषयमा पछि समय मिलेमा लेखेर ल्याउनेछु । आजलाई यसको विषयमा यही अन्त गर्दैछु ।

उहाँको देशनामा भगवत गीतामा उद्रीत प्रेत र आत्माको विषयमा भनिएका कुराहरुलाई बताउनु भएका थिए । उहाँको देशनालाई जति सक्छु त्यति छोटो र सहि लेख्ने प्रयास गर्नेछु । साथमा मेरो विचारलाई पनि लेख्दैजानेछु । यदि गलत भएमा मेरो गल्ति हुनेछ, उहाँको होइन् साथै तपाईंले पनि त यो पुस्तकलाई धेरैबार पढिसक्नु भएको छ । यसलाई सच्च्याएर पढ्नुस् ल ।

अर्जुन जब लडाँईको बीच मैदानमा हुन्छ र कृष्णलाई चारैतिर एकपटक घुमाएर हेर्ने ईच्छा व्यक्त गर्दछ । चारैतिर आफन्तै आफन्तहरु भएको कारण अर्जुनले लडाँई नगर्ने निधो लिएर कृष्णलाई घर फर्कनको लागी आग्रह गर्दछ । तर कृष्णले लडाई गर्नु नै पर्दछ भनेर अर्जुनलाई भन्न थाल्दछ । आफन्तहरुलाई मारेर लिएको सम्पति के काम भनेर कृष्णलाई दिएको उत्तरमा बारबार भन्न थाल्दछन् । यो संकटलाई देखेर कृष्णले मर्ने र मार्ने कुरामा पण्डितहरु सोच्दैनन्, बाँच्ने र मर्नेमा कुनै फरक छैन, मर्ने र मार्ने भनेको तिम्रो काम होइन् । तिमीले बचाँउदैमा उनीहरु नमर्ने होइनन् । यी कुराहरुलाई पहिले त पढिसकेका थियौं तर यस्तो विचार कहिल्यै आएको थिएन । उहाँ भगवान कृष्ण कस्ता देवता होला जसलाई



Downloaded from http://www.dhamma.digital

हामीसबै मान्ने गर्दछौं । आफन्त कै हत्या गर्नलाई उत्साह दिंदैछन् । हत्या गरे पनि पाप लाग्दैन भनेर सिकाउने कस्तो देवता होलान ? उहाँ भन्नुहुन्छ, यो शरीर एक पछि अर्को गरी फेरी रहन्छन् । जसरी दिनहुँ कपडा फेर्ने गर्छौं त्यसरी नै हाम्रो यो देहलाई छोडेर अर्को जन्म लिँदै गर्नेछौं यो सबै उहाँ सृष्टिकर्ताको काम हो । त्यसैले पण्डितहरु यसमा विचार गर्दैनन् । हे अर्जुन जो आत्मा हामीमा छ त्यो नित्य छ । कहिल्यै पनि मर्दैन । मर्ने भनेको त खाली यो शरीर हो । तर इन्द्रियको कारणले हामी यो संसारमा सुख र दुःख भोग्ने गर्दछौं । जसले यो इन्द्रियलाई बुझेर लिन्छ उनीहरु सुखी हुन्छन् ।

यसमा हामीले विचार गर्नुपर्ने के कुरा छ भने कपडा फेरी फेरी जन्म लिनु पर्ने कुरालाई हामी लिन सक्दछौं र यो फेरी फेरी जन्म लिने कुरा कुनै परमात्माको हातमा नभई हामीले गरेका कर्मको हात हुनेछ । यो कुनै सृष्तिकताको हातमा नभई हामी आफै नै यसको सृष्ति कर्ता हौं । यो परिवर्तनशील संसारमा कुनै पनि एक बस्तुलाई नित्य कसरी भन्ने, त्यसैले यो विचारधारालाई पण्डितहरुले (-ब्राम्हण) विचार गर्दैनन् । किनकी उहाँहरु साँच्चैका पण्डित होइनन् र लोकलाई झुक्याएर खानेहरु हुन् । यदि साँच्चै नै पण्डितहरु हुनुभएका भए किन यस्तो दुःखको भवसागरमा फेरी फेरी जन्म लिने भनेको नै उहाँ ईस्वरको कृपा भनेर सिकाउँदैछन् ? किन अर्कालाई सानो र आफुलाई ठूलो बनाएर बस्दैछन् ? यी कुराहरुमा हामीले विचार गरेर बस्नु आवश्यक छ । यदि भारतको दलितहरुलाई लिने हो भने पण्डितहरुले धेरै नै सताएका छन् । हुनतः नेपालमा पनि कम सताएको छैन । सारा देशलाई नै खाएको छ उनीहरुले, तर के गर्ने उनीहरुको नै सत्ता छ त्यसैले नै हाम्रो देश अगाडी आउन नसकेको हो । गाउन नहुने गीत भनेको नै यही हो । गाएमा आफ्नै कूभलो हुने कुरा मात्र हो । भारतमा अम्बेडकरको मिसन तयार भएको नै सारा हिन्दू धर्मका पण्डितहरुको दबाई र हेपाईको कारण हो । यसको उदाहरण पहिले पनि थियो, आजपनि छ । त्यसैको कारण लाखौंको संख्यामा भारतमा प्रतिबर्ष हिन्दुधर्मलाई छोडेर बुद्धधर्ममा शरण लिन आउँछन् । यो बर्ष अम्बेडकरले हिन्दुधर्मलाई  छोडेर बुद्धधर्म अंगालेको ५० बर्ष भएको छ । यसको उपलक्ष्यमा सारा भारतमा नै दिक्षा दिवसको नामले विभिन्न कार्यक्रमहरु आयोजन गरिएका छन् । लाखौंको संख्यामा धर्म परिवर्तन गर्नेहरु छन् । तर हाम्रा छिमेकी भनाउँदाहरु (-बौद्धहरु) आफुलाई बौद्ध भनेर हिँडेपनि काम र कुरो भने पहिले कै देखिन्छन् । त्यतिमात्र हो र नेपालमा धर्म निरपेक्ष आईसकेकोलाई पनि आफ्नो संस्कृति र सम्पदालाई जोगाई राख्नु पर्दछ भनेर हिन्दू राष्ट्र नै बनाउनु पर्ने माग गरिरहेको देखिन्छ । त्यसमा आफ्नो संस्कृति भन्नाले कसको संस्कृति त भन्ने प्रश्नको उत्तरमा एउटै उत्तर आउँछ त्यो हो हिन्दू र ब्राह्मणहरुको संस्कृति । अर्कालाई शोसन गर्ने र अरुलाई दबाईराख्ने सम्पदा हो । यदी धर्म निरपेक्ष भएमा उनीहरुले धर्मको नाममा अरुलाई शोसन गर्न पाउने छैन् । उनीहरुको स्थानमा कम हुनेछ र उनीहरुको सम्मानमा



Downloaded from http://www.dhamma.digital

कम हुनेछ । त्यसैले यसको विपक्षीमा परेको देखिन्छ । पहिले पनि उनीहरुले नै गर्दा हिन्दू राज्यमा घोषणा भएको इतिहास हामी सामू छ । धर्म निरपेक्षको लडााईमा तिमीहरुलाई धर्म निरपेक्ष नै दिन्छु भनेर भुक्याएर संविधान लेखेको बेलामा छलाएर हिन्दू राज्य गरेको इतिहास आजसम्म पनि ताजै छ तर के गर्ने हाम्रा छिमेकीहरुलाई यस्ता कुराहरुको थाहा हुँदै पनि उनीहरुको इशारामा जानुपरेका छन् र गईरहेका पनि छन् ।

भगवान कृष्ण अर्जुनलाई फेरी विभिन्न रुपले लडाँईको लागी तयार गर्ने प्रयास गर्दछन् र साथमा भन्छन् । जन्मेपछि अवश्य पनि मर्नेछ, मरेर गएपनि फेरी अवश्य पनि जन्मनु पर्दछ । मारेपनि नमारेपनि उनीहरु भनेका त मरेका बराबर नै हो, मार्ने र बचाउने काम तिम्रो होइन । तिमी क्षत्रिय भएर यो कार्य गर्नु नै पर्दछ । साथमा अझ जोड दिएर लडाईंको लागी नगई नहुने बनाई दिन्छ हे अर्जुन क्षत्रियको लडाई नै स्वर्गको द्वार हो । त्यसैले यो कार्य गर्नु नै तिम्रो धर्म हो ।

अब विचार गरौं उहाँ कस्तो विधाता होला जस्तो अरुलाई मार्नको लागी उक्साउँदैछ । यही प्रश्न यदि अरु हिन्दुहरुलाई राखेमा अधर्मीलाई मारेर देशलाई बचाउनको लागी कृष्णले अर्जुनलाई उक्साएको हो रे भन्ने उत्तर पाउँनेछ वा यो जस्तै उत्तर मिल्नेछ । मार्ने र मार्न लगाउनेलाई आजभोलिको कानुनले पनि सजाय दिने गरिन्छ भने उहाँलाई देवताको रुपमा लिईन्छ र उहाँ विष्णुको अवतारको रुपमा लिईन्छ । विष्णुलाई लोकपालको रुपमा लिईन्छ । यस्तो लोकपालको अवतार भएर पनि मानिसहरुलाई मार्नको लागी लगाउँदैछन् । यो कस्तो घट्ना होला ? महाभारतको कहानीलाई हेर्ने हो भने लाखौंको मानिसहरु र जनावरहरुको नास भएको जनाउँछ । यस्तो घट्नाको लागी स्वयं कृष्णले उक्साउँदैछ । यसको विषयमा विचार गर्न योग्य छ ।

जे होस्, चाहे त्यो सत्य होस् वा असत्य, चाहे विद्धान होस् वा वैज्ञानिक सबैले जब यो कहानीलाई सुन्छ त केही पनि विचार नगरी हो हो भन्दै सुन्ने र यो कथालाई शिरोधार गर्ने गरिन्छ । त्यसैगरी त्यो दिन पनि सबैको हालत त्यस्तै भयो । जसरी मैले यहाँ तपाईलाई विश्लेषण गरेर सुनाए । त्यसरी मैले त्यो दिनमा भनेको थिएन । मैले हिन्दू धर्मलाई छोएको पनि थिएन । उहाँले देशना दिंदा खेरी मैले लेखिराखेको भएपनि मैले उहाँको एउटा कुरालाई विश्लेषण गरेको थिएन किनकी त्यो बार्तालाव गर्ने स्थान नभएको र उचित समय पनि नभएकोले हो । अर्को कुरा आफुलाई मात्र कहाँ त्यस्ता कुराहरु थाहा थियो र । अलिक अलिक पढेर आएको थिएँ । त्यसैको आधारमा मैले यो लेखेको वा विश्लेषण गरेको हुँ । यसमा धेरै मिल्न पनि सक्दछ र सायद झूठ पनि हुन सक्दछ । पानी नभरेको गाग्रोले आवाज बनाउँछ भने झै म जस्तो स्यान स्यानो माछाको त्यत्रो आँट कसरी ल्याउने । त्यसैले यस्ता कुराहरुको विषयमा नछुनु नै बेस थानेर



Downloaded from http://www.dhamma.digital

मैले बुद्धधर्ममा मरणको विषयमा सम्बन्धित कुराहरुलाई नै प्रकास पारेको थिए । त्यसैले यहाँ त्यो दिनको लागी तयार गरेका देशनाको सारलाई यहाँ प्रस्तुत गर्दैछु ।

## बुद्ध धर्ममा मरण धम्म

यो देशना केही छिनको मृतकको श्रद्धान्जलीको लागी मौनधारणबाट शुरु गरेको थिए । साथमा पटाचाराको जीवनीलाई छोटकरीमा वर्णन गरेर उसको जीवनसंगसंगै मृतकको विषयमा वर्णन गरेको थिए । मरणको सैय्यामा सुतिरहनेको आशा र अभिलाशाहरुमा सर्बप्रथम धनसम्पतिको विषयमा चिन्ता लिने गरिन्छ । त्यसपछि बालबच्चाहरुको लिने गरिन्छ । साथमा आफन्तहरुको आवत जावत र फेरी फेरी हेर्न आएको देख्न चाहन्छन् । जसको फलत उसलाई मरणको लागी डर हुने गर्दैन भन्ने धारणलाई लिएर यो देशनालाई कोही मर्न चाँहदैन तर सबैको अन्त यसैबाट हुने गर्दछ भन्दै अगाडी बढाएको थिए । यो जन्म मरणको संसारबाट माथी आउँनको लागी मुक्त हुनको लागी निर्वाण लाभी हुन जरुरी भएको कुरालाई जोड दिएको थिए । देशनाको अन्तमा यसलाई मरण धम्मको नामाकरण गरेर यो कागजलाई बाँडिदिएको थिए ।

**न सन्ति पत्ताताणाय च पिता न पि बन्धवा, अत्तकेनाभि पन्नस्स नत्थि पातीसु ताणता ।**
**एतमत्थस्स कत्वा पण्डितो सीत संवुत्तो, निवि वानगमनं मग्गं खिप्पमेव विसोधय ॥**

जव मृत्युराजको हातमा परिसकेको हुन्छ, मेरो छोरा छ, छोरी छ, आमा बुबा र धेरै आफन्तहरु छन्, उनीहरुले बचाउला भनेर आशा नगर्नु, उहाँहरुले पनि हामीलाई बचाउन सक्दैन । यसतो बुझेर पण्डितजनहरु अप्रमादी भएर शीलधर्ममा प्रतिस्थित भएर आफ्नो जीवनलाई सुधारेर अन्तमा आध्यात्मिक सुख प्राप्त गरेर जीवनलाई सफलमय बनाउने गर्दछन् ।

**अभिण्हपच्चवेक्खण धर्म**

| | |
|---|---|
| १. जरा धम्मेहि जरं अनतीतो | हामीहरुको बैश गएर बुढो हुनु स्वभाविक धर्म हो । यसबाट हामीहरु बच्न सक्दैनौं । |
| २. व्याधि धम्मेहि व्याधि अनतीतो | हामीहरुको शरीरमा फेरबदलको कारण आउने रोगादी हुनु स्वभाविक धर्म हो । यसबाट हामीहरु बच्न सक्दैनौं । |



Downloaded from http://www.dhamma.digital

३. मरण धम्मेहि मरणं अनतीतो — हामीहरुको आयु पूर्ण भएर मृत्यु हुनु स्वभाविक धर्म हो । यसबाट हामीहरु बच्न सक्दैनौं ।

४. सब्बेहि मे पियेहि मनापेहि नाना भावो विनासभावो — यसरी आफ्ना मनपर्ने र मन नपर्ने सबैजना विभिन्न रुपले सत्व र संखार अन्त्य भएर नै गएका हुन्छन् ।

| | |
|---|---|
| कम्मस्सकोम्हि | कर्म मात्र हाम्रो हो । |
| कम्मदायादो | कर्म नै हाम्रो दायद हो । |
| कम्मयोनि | कर्मले नै अर्को जन्म दिन्छ । |
| कम्म बन्धु | कर्म नै हाम्रा आफ्ना बन्धु हो । |
| कम्मपटिसरण | कर्म नै हाम्रो शरण हो । |
| यं कम्मं करिस्सन्ति | जस्तो कर्महरु गरेका छौं |
| कल्याणं वा पापकं वा | चाहे कुशलपुण्य होस् वा पाप कर्म |
| तस्स दायादो भविस्सन्ति | त्यस कर्मको भागीदार, दायाद हामी आफै हुनेछौं । |

**परलोकस्स पटित्था**

**सब्बे सत्ता मरिस्सन्ति मरनंतम्हि जिवितं**
**यदा कम्मं गमिस्सन्ति पुञ्ञपाप फलुपगा**
**निरयं पाप कम्मन्ता पुञ्ञ कम्मा च सुग्गतिं**
**तस्मा करय्य कल्याणं निच्चयं सम्परायिकं**
**पुञ्ञानि परलोकस्मिं पटित्था होन्ति पाणिणं ॥**

सबै प्राणीहरु मरेर जानु नै पर्दछ । मृत्युबाट नै सबै प्राणीहरुको जीवन अन्त्य हुने गर्दछ । जस्तो कर्म पुण्य वा पाप गरेका छौ त्यसकै फल अनुसार जानुपर्नेछ । पापकर्म गर्नेहरु नर्कमा जानेछन् । पुण्य गर्नेहरु सुगतीमा जानेछन् । त्यसैले हे मानव ! भविष्यमा कल्याणको लागी कुशलपुण्य कर्महरुको संचय गर्न सिक । कुशल पुण्य कर्म नै भविष्यमा आउने जीवनको लागी सुखकर र लाभदायिक हुनेछ । कुशलपुण्य कर्महरुबाट नै भविष्यमा आउने जीवनमा राम्रो प्रतिस्था मिल्नेछ ।



Downloaded from http://www.dhamma.digital

**पुण्य**

> **ददतो पुञ्ञं पवड्ढति संयमतो वेरं न चीयति**
> **कुसलो च जहाति पापकं राग दोस मोहक्खया स निब्बुतोति ॥**

गच्छे अनुसार दानकर्म गर्नाले पुण्य बढ्छ, संयमले साधारण शत्रुदेखि लिएर काम, क्रोधादि वैरभावको उछित्तो गराउँछ, ज्ञानीहरुले पापको नामनिशाना नै राख्दैन । राग, द्वेष र मोहको क्षय गरेर ऊ आध्यात्मिक सुख निर्वाणगामी हुनसक्नेछ ।

**पुण्यानुमोदन**

| | |
|---|---|
| इदं नो ञातीनं होतु, सुखिता होन्तु ञातयो । | यो पुण्यको प्रभावले मेरा सबै ज्ञातीबन्धुहरु होउन् । |
| एत्तावत्ता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं । | यसरी जतिपनि हामीहरुले पुण्य संचय गर्यौ । |
| सब्बे देवानुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥ | ती सबै पुण्यलाई सबै देवताहरुले पनि अनुमोदन गरुन् उहाँहरु पनि यसका भागीदार होउन् । |
| एत्तावत्ता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं । | यसरी जतिपनि हामीहरुले पुण्य संचय गर्यौ । |
| सब्बे भूतानुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥ | ती सबै पुण्यलाई सबै अदृष्य प्राणीहरुले पनि अनुमोदन गरुन् उहाँहरु पनि यसका भागीदार होउन् । |
| एत्तावत्ता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं । | यसरी जतिपनि हामीहरुले पुण्य संचय गर्यौ । |
| सब्बे सत्तानुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥ | ती सबै पुण्यलाई सबै प्राणीहरुले पनि अनुमोदन गरुन्, उहाँहरु पनि यसका भागीदार होउन् । |

## कामना

| | |
|---|---|
| इमिना पुञ्ञ कम्मेन, मा मे बाल समागमो । | यसरी गरेको पुण्यको प्रभावले मूर्खहरुको संगत कहिल्यै पनि गर्न नपरोस् । |
| सतं समागमो होतु, याव निब्बान पत्तिया ॥ | सबै जन्ममा निर्वाण नभएसम्म सत्पुरुषहरुको नै संगत गर्न पाउंन । |
| इदम्मे पुञ्ञं आसवक्खया वहं होतु । | यस पुण्यको प्रभावले मेरा सबै आश्रवहरु मुक्त भएर जाउन् । |
| इदम्मे पुञ्ञं निब्बानस्स पच्चयो होतु । | आज गरिएको पुण्य निवार्णको हेतु होस् । |
| इदम्मे पुञ्ञं अहं माता पितरो च | यो पुण्यको प्रभावले मेरा आमा बुबा सहित । |



Downloaded from http://www.dhamma.digital

| | |
|---|---|
| हित सत्ता च सब्बे सत्ता सुखिता भवन्तु । | आफन्तहरु र सबै प्राणीहरु सुखी रहोस् । |
| भवतु सब्बमङ्गलं । रक्खन्तु सब्ब देवता ॥ | सब्ब बुद्धानुभावेन । सदा सुखी भवन्तु ते ॥ |

साधु साधु साधु

**सम्झन योग्य मरण धम्महरु**

| | |
|---|---|
| सब्बं भेदपरियन्ति एवं मच्चान जीवितं | सबै प्राणीहरुको जीवन माटोको भाडो जस्तै हो । जुन बिग्रेर अन्त भएर नै जानेछ । (दी. १०।१४१) |
| न मियुयमानं धम्मन्वेति किञ्चि | मृत्युसंगै हामीले थोरै मात्रामा पनि सम्पति संगै लिएर जान सक्दैनौ (म.म. १३।४१२) |
| अड्ढाचेव दलिद्दा च सब्बे मच्चु परायना | चाहे धनी मानिस होस् वा गरीव मानिस होस् सबैको अन्त मृत्यु नै हो । (-दी.महा. १०।१४१) |
| दहरा च महन्ता च येबाता ये च पण्डिता | बालक होस् वा ठूलाबडा, मूर्ख होस् वा चलाख |
| सब्बे मच्चुवसं यन्ति सब्बे मच्चुपरायना । | सबै सत्वहरु मृत्यु अगाडी पुग्नु नै पर्दैछ । यो नै सबैको अन्तिम स्थान हो । (-दी. महा. १०।१४१) |
| यदा दण्डेन गोपाला गावो पाजेति गोचरं | गोपालले गाईलाई लखेतेर घाँस खाने स्थानमा जसरी लग्ने हो । |
| एवं जरा च मच्चु च आयुं पाजेन्ति पाणिनं | त्यसरी नै बुढो र मृत्युले मानिसको आयुलाई लखेतेर लगिरहेको हुन्छ । (खु.ध. २५।३३) |

आधा घण्टाको यो देशनाको अन्तमा पुण्यानुमोदन गरें । धेरैले आएर हजुरले राम्रो ज्ञान दिनु भयो र साथमा मृतकको लागी पनि पुण्य कार्य गर्नुभयो आदि बचनहरुले म धेरै नै खुसी भएको थिए । भर्खरको गोरु भएपनि अरुलाई केही मात्रामा भएपनि सन्तुष्ति दिनसकें ।

हुनतः यो पत्रमा अरु कुराहरु पनि लेख्ने विचार थियो । जस्तै क्रिश्चियन क्याथोलिकहरुको बालक अवस्थामा गरिने विधी र क्याथोलिक पूर्णरुपले कसरी बनिन्छ भन्ने विषयमा एक क्याथोलिकसंग भएको कुराकानीको अनुभवलाई लेख्ने विचार थियो । विर्सेर जाला भनेर यहाँ पनि अलिक लेखि हालौं । क्याथोलिक क्रिश्चियन धर्ममा जन्मेदेखि ब्याप्ताई नलिएसम्म पूर्ण क्याथोलिक क्रिश्चियन भनिदैन र उसलाई ब्याप्ताई भनिन्छ । जब उसलाई होलीबाथ गरेर एक जना क्रिश्चियन फादरले दिक्षा दिने गरिन्छ । यो दिक्षाको प्रमाणपत्र पनि हुने गरिन्छ र कुनै स्थानमा सरकारी कामको लागी वा क्याथोलिक स्कुलमा पढ्नको लागी



Downloaded from http://www.dhamma.digital

यो देखाउनु पर्दछ । साथमा ठाँउ सारेर अर्को स्थानमा बसाँई सरेमा पनि पहिले चर्चका फादरहरुलाई भनेर जानु पर्दछ । त्यसैगरी जुन स्थानमा गएर बस्यो त्यो स्थानको नजिकको चर्चमा पहिलेको चर्चबाट दिएको पत्र देखाएर सदस्य बन्नु पर्दछ । यस्तो प्रथा भएकोले नै होला यो क्रिश्चियन क्याथोलिकहरु धेरै नै बलियो र राम्रो समाज भएको देखिन्छ ।

अंगुलिमालको नामबाट एक बौद्ध समाज खोलेर जेलमा बुद्धधर्म सिकाएर बस्नुभएका एक भन्ते र मेरो जेलमा भएको अनुभवलाई लेख्ने विचार पनि थियो । थाईलैण्डको वात पानानाछातमा भिक्षु भएर आएर यहाा एउटा विहारमा यो संस्था खोलेर जेलमा ध्यान सिकाउने गर्दा रहेछन् । केही साल अगाडी यहाँका रानीले पनि उहाँको कामलाई देखेर राजकामको अफिसर भनेर पद दिएको थियो । त्यसैको साथमा थाईलैण्डबाट पनि चाउखुनको पद दिएको थियो । उहाँको कार्यले गर्दा सबै जेलहरुमा बुद्धको मूर्ति राखिएको छ भन्ने सुनिन्छ । एकदिन म पनि उहाँको त्यो कार्यक्रममा भाग लिन पाएको थिए । उहाँहरुसंगै जेलमा गएको थिएँ । जेलमा त सबै साधारण झै देखिन्थ्यो र को कैदी हो भनेर पनि चिन्न सकिदैन थियो, कोही प्रहरी पनि थिएन् । अन्तमा मैले एकजना प्रहरी मात्र देखें । पछि थाहा पाएँ त्यहाँ बसिरहेका सबैजना त्यो जेलको कैदी हुन् । यी विषयमा पनि लेख्ने विचार थियो । तरपनि विर्सेला भनेर छोटकरीमा भएपनि तपाईको मुखबाट रऱ्याल चुहानको लागी यति लेखेर ल्याएँ । पछि बिर्सेपनि केही हुँदैन र नयाँ कुरा नआई विर्सिदिएन भने पछि लेखेर ल्याउनेछु । हुनतः अरुपनि लेख्न विचार छ । के गर्ने, विरानो देशमा बस्न आईयो । नयाँ नयाँ कुराहरु देखेपछि लेखेर सुनाउने इच्छा जाग्छ । तर समय र यहाँ पनि धेरै नै पन्नाहरु भएकोले यो पत्रलाई यसै मरण धर्ममा नै अन्त गर्दै बाकी भएको अरु पत्रमा लेखेर ल्याउनेछु ।

अन्तमा त्रिरत्नको प्रभावले तपाईको सुस्वास्थ र दिर्घायुका कामनाका साथै यो दुःखको भवसागर अन्त गरी निर्वाण लाभ गर्ने मार्गमा सधैं प्रतिस्थित हुन सकोस् । साथमा निर्वाण नभएसम्म सत्धर्ममा नै मन लागी रहोस् ।

**भवतु सब्ब मंगलं !!!**

भिक्षु सुजनकीर्ति

२९ सेप्टेम्बर २००६



Downloaded from http://www.dhamma.digital